का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ असोज २०८३
बिहीबार
15 October 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

दशैं विशेष थप १६ पृष्ठ

वर्ष २४, अंक २६६ । पृष्ठ ८+८+८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# दसैंमा ओइरिन्छ रेमिट्यान्स
## विलासितामै खर्च धेरै

■ सन्दिप वि.क./मध्यान्ह

नेपालीको प्रमुख चाड दसैंले बजारमा चहलपहल बढाउँछ । खाद्यान्न, लत्ताकपडा, मासु, विद्युतीय उपकरणदेखि यातायात र मनोरञ्जनसम्मका क्षेत्रमा कारोबार विस्तार हुन्छ । चाडपर्वमा परिवारको खर्च धान्न विदेशमा रहेका नेपालीले घर पठाउने रकमसमेत बढ्छ। त्यसैले दसैंलाई धार्मिक तथा सांस्कृतिक पर्वसँगै अर्थतन्त्र चलायमान बनाउने अवसरका रूपमा हेरिन्छ ।

नेपाल राष्ट्र बैंकको तथ्यांकले पनि दसैं पर्ने महिनामा रेमिट्यान्स आप्रवाह पछिल्ला वर्षमा उल्लेख्य बढेको देखाउँछ। २०७८ सालको असोजमा ८३ अर्ब ९५ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएकामा >>> पृष्ठ २ मा

### दसैंको रेमिट्यान्स

| दसैं परेको महिना | रेमिट्यान्स आप्रवाह |
|---|---|
| २०७८ असोज | रु. ८३ अर्ब ९५ करोड |
| २०७९ असोज | रु. ९४ अर्ब १ करोड |
| २०८० कात्तिक | रु. १ खर्ब १२ अर्ब ६२ करोड |
| २०८१ असोज | रु. १ खर्ब ४४ अर्ब १७ करोड |
| २०८२ असोज | रु. २ खर्ब १ अर्ब २२ करोड |

दसैंमा रेमिट्यान्सको प्रवाह बढेसँगै बजारमा किनमेल र आर्थिक गतिविधि विस्तार हुन्छ। तर विदेशमा श्रम गरेर कमाएको रकमको ठुलो हिस्सा उपभोगमै खर्च हुँदा उत्पादन, रोजगारी र पुँजी निर्माणमा योगदान सीमित छ।

### वर्षभरि टिकाउन मुस्किल

रेमिट्यान्सले उपभोग, विदेशी मुद्रा सञ्चिति र परिवारको जीवनस्तर सुधारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । तर यसको दीर्घकालीन आर्थिक प्रभाव बढाउन उत्पादनमूलक लगानीको वातावरण आवश्यक छ । विदेशबाट रकम प्राप्त गर्ने परिवारलाई उद्यम सञ्चालनसम्बन्धी सीप, सहज कर्जा, बजार पहुँच र व्यावसायिक परामर्श उपलब्ध गराउन सके रेमिट्यान्सको केही हिस्सा स्वदेशमै आयआर्जन सिर्जना गर्ने क्षेत्रमा परिचालन हुन सक्छ ।

यसका लागि सरकारले रेमिट्यान्स प्राप्त गर्ने परिवारलाई रकम अनिवार्य रूपमा लगानी गर्न दबाब >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## सुनुवाइ समितिको ऐतिहासिक निर्णय
# मलेसिया र साउदीका प्रस्तावित राजदूतको नाम अस्वीकृत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असोज

संघीय संसद्को संसदीय सुनुवाइ समितिबाट मलेसिया र साउदी अरबका लागि प्रस्तावित नेपाली राजदूतहरूको नाम अस्वीकृत भएको छ ।

यी दुवै मुलुक नेपाली श्रमिकका प्रमुख श्रम गन्तव्य हुन् । बुधबार बसेको संसदीय सुनुवाइ समितिबाट साउदी अरबका लागि प्रस्तावित गिरीबहादुर सुनार र मलेसियाका लागि प्रस्तावित चूडामणि खरेलको नाम अनुमोदन नभएको हो । उनीहरू दुवैजनामाथि स्वार्थको द्वन्द्व र अनुचित आर्थिक लेनदेनका प्रश्न उठेका थिए ।

मलेसियाका लागि प्रस्तावित राजदूतको नाम अस्वीकृत हुँदा विगत केही समयदेखि त्यहाँको बिदेसी कामदार व्यवस्थापन गर्ने फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट



ई-पेपर हेर्न

सिस्टम (एफडब्लुसिएमएस)को कार्यान्वयनसम्बन्धी विवाद थप लम्बिने जोखिम बढेको छ ।

संसदीय सुनुवाइ समितिबाट ठुलो संख्यामा नेपाली श्रमिक रहेका इजरायलका लागि सुरेशकुमार कर्ण, ओमानका लागि पद्माक्षी राणा, जर्मनीका लागि सरु जोशी, कोरियाका लागि डा. संगम श्रेष्ठ र स्पेनका लागि प्राप्ति शेरचनलगायत १० जना राजदूतको नाम भने अनुमोदन भएको छ ।

जापानका लागि जिज्ञानकुमार थापाको नाम होल्डमा राखिएको छ । भारतका लागि डा. निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा, अमेरिकाका लागि चिरनजंग थापा, बेलायतका लागि गौरवशमशेर ज.ब.रा. र >>> पृष्ठ २ मा




#Applicable on Front Load Washing Machine

ATTRACTIVE CASHBACK

ASSURED GIFTS
Free Induction Cooktop on Side by Side Refrigerator
Free 6 Kg Surf Excel on Front Load Washing Machine
Free 4 Kg Surf Excel on Top Load Washing Machine
Free 2Kg Surf Excel on Twin Tub Washing Machine
Free Installation* on Air Conditioner

*उल्लेख गरिएको मूल्य र योजना भाद्र २६ गतेदेखि सीमित अवधिका लागि लागू गरिएको छ। मूल्य अथवा उपभोक्ता योजना परिवर्तन सम्बन्धी सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ। नेपाल सरकारको नियम अनुसार करहरु लाग्नेछन्। मूल्यमा भ्याट (VAT) समायोजन गरिएको छ। शर्तहरु लागू हुनेछन्।

cgelectronics.com.np/brand/godrej | Godrej Appliances Nepal | Godrej Appliances Nepal | Godrej Appliances Nepal | Godrejappliancesnepal

CG ELECTRONICS | CUSTOMER CARE TOLL FREE NO. 166 00 102 211 | 9851202211
For Dealership Inquiry: 9851189357 | For Corporate Inquiry: 9851012539
FREE Delivery* | 0% Interest तुरुन्तै सजिलो EMI नागरिकता भए पुग्छ ! | FOR X-CHANGE & EMI CG Elex | CG CARES FOR SUPPORT | Buy Online

CG DIGITAL: RAIBHAWAN: 01-5376049, 5381749 | UWTC: 01-4117002, 4117114 | NAYABAZAR: 01-4964072, 4981029 | RADHE RADHE: 01-6638472, 6638871 | KRITIPUR: 01-4331140, 4333241 | HATTIGAUDA: 01-4376815, 5901801 | BASUNDHARA: 01-5911023, 5911024 | JORPATI: 01-5134087, 5134187 | GATTHAGHAR: 01-5913182, 5913183 | TEKU: 01-5914179, 5914379 | BISHALNAGAR: 01-4531837, 4511269 | POKHARA: 061-591112, 591113 | BENAPA: 011-665679, 665688 | BHARATPUR: 056-538020, 538230 | ITHARI: 025-581126, 581136 | DAMAK: 023-578444, 578445 | HETAUDA: 057-590778, 590779 | BIRTAMODE: 023-591158, 591159 | SASHWATDHAM: 078-590654 | BIRGUNJ: 051-592135, 592136 | BUTWAL: 071-537636, 538636 | BIRATNAGAR: 021-590266, 590324 OR VISIT NEAREST AUTHORIZED DEALERS

# मानवअधिकार परिषद् सदस्यमा नेपाल सर्वाधिक मतसहित निर्वाचित

**काठमाडौं / मस-** नेपाल संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को सन् २०२७-२०२९ कार्यकालका लागि सदस्यमा निर्वाचित भएको छ । न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा भएको निर्वाचनमा नेपालले १८० मतमध्ये १७३ मत प्राप्त गर्दै एसिया-प्रशान्त क्षेत्रीय समूहबाट निर्वाचित देशमध्ये सर्वाधिक मत हासिल गरेको हो ।

संयुक्त राष्ट्रसंघको महासभामा भएको निर्वाचनबाट नेपालले प्राप्त गरेको मतले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व र मानव अधिकारसम्बन्धी विषयमा सहकार्य गर्ने अवसर थप विस्तार गरेको छ । निर्वाचनपछि न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगले वक्तव्य जारी गर्दै नेपाललाई विश्वास र समर्थन प्रदान गर्ने संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रप्रति आभार व्यक्त गरेको छ ।

'बहुपक्षीयता, मानवअधिकार, अन्तर्राष्ट्रिय कानुन तथा संयुक्त राष्ट्रसंघलाई केन्द्रमा राखेको नियममा आधारित अन्तर्राष्ट्रिय प्रणालीप्रतिको नेपालको प्रतिबद्धतामा विश्वास र भरोसा व्यक्त गर्नुभएकामा हामी संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रप्रति हार्दिक आभार व्यक्त गर्दछौं,' नियोगको विज्ञप्तिमा भनिएको छ ।

नियोगले मानवअधिकार परिषद्को नयाँ कार्यकालका लागि निर्वाचित अन्य राष्ट्रलाई पनि बधाई दिएको छ । सन् २०२७-२०२९ कार्यकालका लागि नेपालसँगै ब्राजिल, बुरुन्डी, डोमिनिकन गणतन्त्र, जर्मनी, घाना, आयरल्यान्ड, जापान, जोर्डन, कुवेत, माल्दोभा, नाइजेरिया, युक्रेन, उरुग्वे र जाम्बिया



निर्वाचित भएका छन् ।

नियोगले संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्र तथा अन्य साझेदारसँग नजिकबाट सहकार्य गर्दै मानव मर्यादाको संरक्षण, समावेशितामा प्रवर्धन, सामाजिक न्याय र सबैका लागि समान तथा न्यायोचित विकासलाई अघि बढाउन नेपाल प्रतिबद्ध रहेको जनाएको छ । नेपालले यसअघि सन् २०१८-२०२० र २०२१-२०२३ मा गरी लगातार दुई कार्यकाल संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को सदस्यका रूपमा काम गरिसकेको छ । नयाँ निर्वाचनसँगै नेपालले सन् २०२७ जनवरी १ देखि तेस्रो कार्यकालका लागि परिषद्को सदस्यका रूपमा काम गर्नेछ ।

सन् २००६ मा स्थापना भएको संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद् मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि काम गर्ने संयुक्त राष्ट्रसंघको प्रमुख अन्तरसरकारी निकाय हो । स्विट्जरल्यान्डको जेनेभामा मुख्यालय रहेको परिषद्मा भौगोलिक प्रतिनिधित्वका आधारमा ४७ सदस्य राष्ट्र रहने व्यवस्था छ । सदस्य राष्ट्रहरू संयुक्त राष्ट्रसंघको महासभाबाट तीन वर्षका लागि निर्वाचित हुने प्रावधान छ ।

परिषद्ले विश्वभर मानवअधिकारको अवस्था सुधार गर्न विभिन्न विषयमा छलफल, समीक्षा तथा सिफारिस गर्दै आएको छ । यसले सदस्य राष्ट्रहरूमा मानव अधिकारको अवस्थाको समीक्षा गर्ने, मानव अधिकार उल्लंघनसम्बन्धी विषयमा छलफल गर्ने र मानव अधिकारको संरक्षण तथा प्रवर्धनका लागि आवश्यक सिफारिस गर्ने काम गर्छ ।

त्यसैगरी, परिषद्ले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको कार्यान्वयनमा जोड दिँदै सदस्य राष्ट्रहरूबीच सहकार्य र संवादलाई प्रोत्साहन गर्दै आएको छ । विश्वव्यापी आवधिक समीक्षा प्रक्रियामार्फत सबै सदस्य राष्ट्रको मानव अधिकार अवस्थाको मूल्यांकन गर्नु पनि यसको महत्त्वपूर्ण कार्य हो ।

यस प्रक्रियामा प्रत्येक सदस्य राष्ट्रको मानव अधिकारसम्बन्धी अवस्था, प्रतिबद्धता र कार्यान्वयनको प्रगतिको समीक्षा गरिन्छ । त्यसबाट मानवअधिकारको संरक्षणमा देखिएका चुनौती पहिचान गर्न र सुधारका लागि सुझाव दिन सहयोग पुग्छ ।

मानव अधिकार परिषद्को सदस्यमा निर्वाचित भएपछि नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार मञ्चमा आफ्नो प्रतिनिधित्व थप सुदृढ गर्ने अवसर प्राप्त गरेको छ । परिषद्को सदस्यका रूपमा नेपालले मानव अधिकार, मानव मर्यादा, समानता, समावेशिता, सामाजिक न्याय र अन्तर्राष्ट्रिय कानुनको सम्मानका विषयमा हुने बहुपक्षीय संवाद तथा सहकार्यमा योगदान दिन सक्नेछ ।

नेपालले नयाँ कार्यकालमा मानव अधिकारका विश्वव्यापी मान्यता र अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका विषयमा अन्य सदस्य राष्ट्रसँग सहकार्य गर्ने अवसर पाउनेछ । यसका साथै आधारभूत स्वतन्त्रताको संरक्षण, विभेदको अन्त्य र सबै नागरिकको अधिकार सुनिश्चित गर्ने विषयमा अन्तर्राष्ट्रिय स्तरमा हुने छलफलमा सहभागिता जनाउन सक्नेछ । परिषद्को सदस्यतासँगै नेपालमाथि मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा उतार्ने जिम्मेवारी पनि रहनेछ । अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त प्रतिबद्धता र देशभित्र मानवअधिकारको अवस्था सुधार गर्न गरिने प्रयासबीच सामञ्जस्य कायम गर्नु सदस्य राष्ट्रका लागि महत्त्वपूर्ण मानिन्छ ।

नेपालले सन् २०२७ जनवरी १ देखि सुरु गर्ने तेस्रो कार्यकालमा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संवादमा सक्रिय सहभागिता जनाउने, विभिन्न राष्ट्रसँग सहकार्य विस्तार गर्ने र मानव मर्यादा तथा समानताका पक्षमा योगदान दिने अवसरका रूपमा उपयोग गर्न सक्नेछ ।

# भोटेकोशी बाढी प्रभावित ४ हजार १०८ घरधुरीलाई ४५ हजारका दरले राहत

**काठमाडौं / मस-** भोटेकोशी बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङका ४ हजार १०८ घरधुरीलाई सरकारले प्रतिपरिवार ४५ हजार रुपैयाँका दरले नगद राहत वितरण गरेको छ ।



सरकारले विकास साझेदार विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) बाट प्राप्त नगद सहयोगलाई एकद्वार प्रणालीमार्फत प्रभावित परिवारलाई वितरण गरेको हो । राहत वितरणमा दोहोरोपना हुन नदिन स्थानीय तहसँग समन्वय र सहकार्य गरी उनीहरूले पहिचान गरेका प्रभावित परिवारलाई रकम उपलब्ध गराइएको छ ।

सरकारका अनुसार रसुवाका पाँच, नुवाकोटका चार र धादिङका दुई गरी ११ वटा स्थानीय तहका बाढी प्रभावित परिवारले राहत रकम पाएका छन् ।

तथ्यांक प्रमाणीकरण गर्न बाँकी रहेका करिब १ हजार ४०० घरधुरीलाई पनि तीन दिनभित्र राहत रकम वितरण गरिसक्ने सरकारको तयारी छ ।

यसअघि असोज २३ गते बसेको केन्द्रसहित तीनवटै जिल्लाका मनसुन प्रतिकार्य कमाण्ड पोस्टको संयुक्त बैठकले विपद् प्रभावित घरधुरीको पहिचान, लाभग्राहीको प्रमाणीकरण तथा शीघ्र पुनर्लाभको कामलाई व्यवस्थित गर्ने निर्णय गरेको थियो । रेडक्रस लगायत अन्य विकास साझेदारले समेत नगद सहयोग उपलब्ध गराउन चाहेकाले सरकारले 'विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१' अनुसार सहायता वितरण गर्न सम्बन्धित स्थानीय तह तथा अन्य निकायलाई निर्देशन दिएको छ ।

सरकारले राहत वितरणमा दोहोरोपना हुन नदिने र कुनै पनि वास्तविक प्रभावित परिवार नछुटने गरी सहायता उपलब्ध गराउन निर्देशन दिएको जनाएको छ ।

यसैबीच, बाढी प्रभावित परिवारको दीर्घकालीन पुनर्स्थापना तथा व्यवस्थापनका लागि पनि काम तीव्र पारिएको सरकारले जनाएको छ ।

# ४७ थरी औषधिको नयाँ उत्पादन र पैठारीमा रोक

**काठमाडौं / मस-** औषधि व्यवस्था विभागले विश्व स्वास्थ्य संगठनको अन्तर्राष्ट्रिय मापदण्ड 'टिआरएस'अनुसार आवश्यक मापदण्ड पूरा नगरेका ४७ थरिका औषधिको नयाँ उत्पादन तथा पैठारीमा रोक लगाएको छ ।




विभागले असोज २० गते महानिर्देशकस्तरीय निर्णय गर्दै ती औषधिको उत्पादन अनुज्ञापत्र, औषधि बिक्री वितरण दर्ता प्रमाणपत्र, औषधि पैठारी दर्ता प्रमाणपत्र तथा पैठारी सिफारिस पत्रलगायत खारेज गरेको जनाएको छ ।

विभागका महानिर्देशक भरत भट्टराईका अनुसार सार्वजनिक सूचना जारी गर्दै विभिन्न कम्पनीका ४७ थरिका औषधि नयाँ आयात गर्न र उत्पादन गर्न रोक लगाइएको हो ।

यद्यपि, यसअघि नै बजारमा बिक्री वितरण भइरहेका ती औषधिको बिक्रीमा भने रोक लगाइएको छैन । 'इम्युनोसप्रेस्यान्ट' वर्गका औषधिको गुणस्तर, सुरक्षा तथा 'क्रस कन्टामिनेसन'को जोखिम न्यूनीकरण गर्न विभागले जोखिम मूल्यांकनसम्बन्धी २०८३ जेठ २१ गते जारी गरेको मार्गदर्शनअनुसार सूचनाबमोजिम प्रक्रिया अघि बढाएको जनाएको छ ।

विभागले जोखिम मूल्यांकनसम्बन्धी कागजात सन्तोषजनक भएका औषधिको आपूर्ति शृंखलामा सन्तुलन कायम राख्न बढीमा तीन महिनाका लागि उत्पादन वा पैठारी अनुमति प्राप्त औषधि आयात गर्दा त्यसको प्रज्ञापनपत्रसहित हालको मौज्दात विवरण सम्बन्धित उत्पादक तथा पैठारीकर्ताले विभागमा तत्काल पेस गर्नसमेत अनुरोध गरेको छ ।

# पाँच देशका राजदूतद्वारा ओहोदाको प्रमाणपत्र प्रस्तुत

**काठमाडौं / मस-**राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पाँच मुलुकका राजदूतले आ-आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गरेका छन् । बुधवार राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा नेपालका लागि युरोपेली संघको प्रतिनिधिमण्डलका आवासीय राजदूत चार्ल्स ह्विटलीले



राष्ट्रपति पौडेलसमक्ष ओहोदाको प्रमाणपत्र पेस गरेका हुन् ।

त्यसैगरी, इन्डोनेसिया, घाना, सुडान र बुनाइका गैरआवासीय राजदूतहरू क्रमश: लिस्लयोवाती, कोजो बोन्सु, मोहम्मद अब्दल्ला अली इल्टोम र सिती आर्निफरिजा विन्ती हाजी मोहद जैनीले पनि आ-आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गरेका छन् ।

समारोहमा नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरूको उपस्थिति रहेको थियो । त्यसअघि राजदूतहरूलाई लाजिम्पाटदेखि राष्ट्रपति भवनसम्म रिसल्लासहितको बग्गीमा सवारी गराइएको थियो ।

## दसैंमा...

२०८२ को असोजमा यस्तो रकम बढेर दुई खर्ब एक अर्ब २२ करोड रुपैयाँ पुगेको छ । पाँच वर्षको अवधिमा दसैं पर्ने महिनाको रेमिट्यान्स आप्रवाह दोब्बरभन्दा बढी भएको हो ।

२०७९ सालको असोजमा ९४ अर्ब एक करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । २०८० मा दसैं कात्तिकमा परेकाले सो महिनामा एक खर्ब १२ अर्ब ६२ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । २०८१ को असोजमा यस्तो रकम एक खर्ब ४४ अर्ब १७ करोड रुपैयाँ पुगेको राष्ट्र बैंकको तथ्यांक छ । यता चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा भने विप्रेषण आप्रवाह (रेमिट्यान्स) २१.२ प्रतिशतले वृद्धि भई दुई खर्ब १५ अर्ब पाँच करोड भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २५.९ प्रतिशतले बढेको थियो ।

रेमिट्यान्सले परिवारको दैनिक खर्च धान्नेदेखि मुलुकको विदेशी मुद्रा सञ्चिति बलियो बनाउनसम्म योगदान पुऱ्याउँदै आएको छ । तर ठूलो परिमाणमा भित्रिएको रकम उपभोगमा मात्र सीमित हुने वा उत्पादन, उद्यम र रोजगारी सिर्जनामा समेत योगदान गर्ने भन्ने प्रश्न महत्त्वपूर्ण बनेको छ ।

उपभोगमा केन्द्रित खर्च

दसैंमा परिवारको खर्च मुख्यत: खाद्यान्न, लत्ताकपडा, मासु, यातायात र पारिवारिक जमघटमा हुन्छ । आर्थिक क्षमताअनुसार मोबाइल, टेलिभिजन, फ्रिज, मोटरसाइकललगायतका वस्तु खरिद पनि बढ्छ । व्यवसायीले चाडपर्व लक्षित छुट र विशेष योजना ल्याउँदा बजारको कारोबार थप विस्तार हुन्छ ।

यस्तो खर्चले खुद्रा व्यापारी, यातायात व्यवसायी, होटल सञ्चालक, कृषि उपज उत्पादक र सेवा प्रदायकलाई आम्दानीको अवसर दिन्छ । गाउँ फर्किने यात्रुको चाप बढ्दा यातायात क्षेत्रको कारोबार विस्तार हुन्छ भने पारिवारिक भेटघाट र घुमफिरले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँछ ।

तर उपभोगमा खर्च भएको रकमको ठूलो हिस्सा आयातित वस्तु खरिदमा जाने अवस्था छ । कपडा, जुत्ता, विद्युतीय उपकरण र सवारीसाधनमा आयात निर्भरता हुँदा नेपालीले खर्च गरेको रकमको केही हिस्सा विदेश पुग्छ । यसले बजारमा माग बढाए पनि स्वदेशी उत्पादन, रोजगारी र मूल्य अभिवृद्धिमा अपेक्षित योगदान नपुग्ने जोखिम रहन्छ ।

रेमिट्यान्सको उपयोगसम्बन्धी पुराना अध्ययनले पनि यसको ठूलो हिस्सा उपभोगमा खर्च हुने देखाएका छन् ।

जीवनस्तर सर्वेक्षण २०६७/६८ अनुसार ५५.८ प्रतिशत घरपरिवारले रेमिट्यान्स प्राप्त गर्थे । रेमिट्यान्स प्राप्त गर्ने घरपरिवारको आम्दानीमा यसको हिस्सा ३१ प्रतिशत थियो । सर्वेक्षणले रेमिट्यान्सको ७८.९ प्रतिशत घरायसी उपभोगमा, ७.१ प्रतिशत ऋण तिर्न, ३.५ प्रतिशत शिक्षामा, ४.५ प्रतिशत घरायसी सम्पत्तिमा, एक प्रतिशत उत्पादनशील क्षेत्रमा र ०.६ प्रतिशत बचतमा उपयोग हुने देखाएको थियो ।

त्यस्तै, राष्ट्र बैंकले २०७३ मा गरेको अध्ययनअनुसार रेमिट्यान्सको २३.९ प्रतिशत दैनिक उपभोग्य वस्तुमा, २५.३ प्रतिशत कर्जा चुक्ता गर्न, ९.७ प्रतिशत शिक्षा तथा स्वास्थ्यमा, २८ प्रतिशत बचतमा, १.१ प्रतिशत पुँजी निर्माणमा र १२ प्रतिशत सामाजिक कार्य तथा व्यक्तिगत सम्पत्ति खरिदमा खर्च हुने गरेको थियो ।

यी अध्ययन पुरानो भए पनि रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने चुनौती बुझ्न उपयोगी छन् । यद्यपि, तिनका आधारमा अहिलेको खर्च प्रवृत्ति यथावत् रहेको निष्कर्ष निकाल्न भने मिल्दैन ।

अर्थविद् डा. डिल्लीराज खनाल चाडपर्वमा रेमिट्यान्सको ठूलो हिस्सा लत्ताकपडा, खानपान, मनोरञ्जन तथा अन्य उपभोग्य वस्तुमा खर्च हुने बताउँछन् । यसले बजारलाई चलायमान बनाए पनि दीर्घकालीन आर्थिक विकासका लागि रकमलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न आवश्यक रहेको उनको भनाइ छ ।

खनालका अनुसार, सरकारले निश्चित प्रोत्साहन र सहुलियतका कार्यक्रम ल्याएर साना उद्योग, व्यवसाय, स्टार्टअप तथा सूचना प्रविधिमा आधारित उद्यममा लगानी आकर्षित गर्नुपर्छ । बैंकिङ प्रणालीमा निक्षेप बढिरहेको तर कर्जा लगानी अपेक्षाकृत कमजोर रहेको अवस्थामा उपलब्ध रकमलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने वातावरण बनाउनुपर्ने उनको सुझाव छ ।

लगानीकर्ताको विश्वास निर्माण गर्नु अहिलेको प्रमुख चुनौती रहेको खनाल बताउँछन् । साना उद्योग तथा व्यवसाय कठिन अवस्थामा रहेको र लगानीका अवसर विस्तार हुन नसकेको अवस्थामा प्रभावकारी नीति तथा सहुलियतमार्फत लगानी आकर्षित गर्नुपर्ने उनको धारणा छ ।

सम्भव छ छुट्टै कोष ?

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपाल विदेशबाट रेमिट्यान्स पठाउने व्यक्तिका परिवारलाई लक्षित गरी छुट्टै कोष स्थापना गर्नुपर्ने सुझाव दिन्छन् । यस्तो कोषमार्फत परिवारका सदस्यलाई सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराएर साना उद्यम तथा व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्न सकिने उनको धारणा छ ।

डा. नेपालका अनुसार रेमिट्यान्सको प्रवाह भविष्यमा बढ्न वा घट्न सक्ने भएकाले यसैलाई आधार बनाएर ठूला परियोजनामा निर्भर हुनु जोखिमपूर्ण हुन सक्छ । त्यसैले रकम पठाउने परिवारको आर्थिक अवस्था सुधार्ने, स्वदेशमै आयआर्जनका अवसर सिर्जना गर्ने र साना व्यवसाय विस्तार गर्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।

## वर्षभरि...

दिनुभन्दा स्वेच्छिक बचत तथा लगानीलाई आकर्षक बनाउने नीति लिनुपर्छ । बैंक तथा वित्तीय संस्थाले पनि साना उद्यमीलाई सहज कर्जा उपलब्ध गराउनुका साथै लगानीका सम्भावित क्षेत्रबारे जानकारी दिन सक्छन् ।

दसैंमा भित्रिने रेमिट्यान्सले बजारमा चहलपहल बढाउँछ, व्यापारलाई गति दिन्छ र परिवारको आवश्यकता पूरा गर्छ । तर यसको आर्थिक महत्त्व तत्कालीन उपभोगमा मात्र सीमित हुनु हुँदैन । रकमको केही हिस्सा बचत, सीप विकास, उद्यम र उत्पादनमा परिचालन गर्न सके त्यसको प्रभाव चाडपर्वमा मात्र नभई वर्षभरि कायम रहन सक्छ ।

## सुनुवाइ...

श्रीलंकाका लागि मञ्चलाकुमारी झाको नाम अनुमोदन भएको छ । खाडी मुलुकका लागि प्रस्तावित राजदूतहरूले कूटनीतिक सम्बन्धका अतिरिक्त श्रम कूटनीतिलाई प्राथमिकतामा राख्दै नेपाली श्रमिकका समस्या समाधानका लागि उच्चस्तरबाट पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

गत असोज २ गते बसेको मन्त्रिपरिषद्को बैठकले १३ वटा देशका लागि राजदूत सिफारिस गरेको थियो । त्यसमध्ये १० जना राजदूतको नाम अनुमोदन भयो भने दुईजनाको नाम अस्वीकृत भयो । एकजनाको निर्णय होल्डमा छ ।

पूर्वसांसद विरोध खतिवडाका अनुसार यसअघि प्रस्तावित राजदूतको नाम संसदीय सुनुवाइ समितिबाट अनुमोदन नगर्ने निर्णय भएको थियो । उनका अनुसार केहीको योग्यता र आचरणमाथि प्रश्न उठेपछि राजदूत पद अस्वीकार गरेका उदाहरण छन् । तर निर्णय नै गरेर अस्वीकृत गरेको पहिलो पटक हो ।

नेपालमा संसदीय सुनुवाइको इतिहास २०६३ सालको अन्तरिम संविधानबाट प्रारम्भ भएको हो । कार्यकारी प्रमुख र संवैधानिक अंगमा हुने नियुक्तिलाई पारदर्शी, उत्तरदायी र राजनीतिक हस्तक्षेपमुक्त बनाउन अमेरिकाको 'कन्फर्मेसन सुनुवाइ' अभ्यासबाट प्रभावित भएर यो प्रणाली नेपालमा भित्र्याइएको हो ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १५५ मा पहिलोपटक संसदीय सुनुवाइको व्यवस्था गरिएको थियो । त्यसवेला संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी र राजदूतको नियुक्ति गर्नुअघि संसदीय सुनुवाइ गर्ने अभ्यास थालिएको हो ।

नेपालको संविधान २०७२ ले पनि यसलाई निरन्तरता दियो । हाल संविधानको धारा २९२ मा संसदीय सुनुवाइसम्बन्धी व्यवस्था छ । जसअनुसार सुनुवाइ समितिमा प्रतिनिधिसभाबाट १२ जना र राष्ट्रिय सभाबाट तीनजना गरी १५ जना छन् ।

# सरकारी कर्मचारीलाई स्वास्थ्य बिमामा आबद्ध गराउन पहल

**काठमाडौं / मस-** स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन आवश्यक समन्वय र सहजीकरणका लागि सम्बन्धित मन्त्रालयलाई पत्राचार गरेको छ ।




मन्त्रालयले भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाउँदै स्वास्थ्य बिमा ऐन तथा नियमावलीमा भएको व्यवस्थाबमोजिम कर्मचारीलाई कार्यक्रममा आबद्ध गराउन सम्बन्धित निकायमा समन्वय गर्न अनुरोध गरेको हो ।

मन्त्रालयका अनुसार नेपाल सरकारका विभिन्न मन्त्रालय, सचिवालय, आयोग, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीलाई स्वास्थ्य बिमामा आबद्ध गराउन आवश्यक पत्राचार, समन्वय र सहजीकरण गरिदिन आग्रह गरिएको छ ।

स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित बनाउँदै सरकारी सेवामा कार्यरत कर्मचारीको बिमामा आबद्धता विस्तार गर्ने उद्देश्यले यस्तो पहल गरिएको मन्त्रालयले प्रेस नोटमार्फत जनाएको छ ।

# काठमाडौंमा लुकिछिपी बसिरहेका १० विदेशी नागरिक पक्राउ

**काठमाडौं / मस-**अवैध रूपमा नेपाल प्रवेश गरी काठमाडौंका विभिन्न स्थानमा लुकिछिपी बसिरहेका १० विदेशी नागरिक पक्राउ परेका छन् । सशस्त्र प्रहरी बल नेपालको इन्टेलिजेन्स ब्यूरोले उनीहरूलाई नियन्त्रणमा लिई अध्यागमन विभागको जिम्मा लगाएको छ ।



पक्राउ पर्नेमा ४५ वर्षीय मोहम्मद मुक्तर होसेन, ३९ वर्षीय अब्बास अली, ४६ वर्षीय रफिक आलम, ४० वर्षीय मोहम्मद अरिफ सोसन, ३० वर्षीय अजिजुल, २९ वर्षीय अब्दुल, ३७ वर्षीय मोहम्मद आलम करिम, ३६ वर्षीय मेहेताब मण्डल, २० वर्षीय रातुल ईस्लाम र ३० वर्षीय बसर खान रहेको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

उनीहरूलाई सशस्त्र प्रहरी नेपाल नं १८ गण हेक्वा (विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठान सुरक्षा) बाघभैरवको टोलीले पक्राउ गरेको हो ।

**यूएईमा रोजगार** कम्पनी: KADEX FACILITY MANAGEMENT SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२८ चलानी नं.: ६०२३७६०२ L.T. No.: 323639 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 9 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३३,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper /labourer / Ceramic Worker /building Worker | 1 | 0 | | 1000 | ४१,४३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक ५ गते (22 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 | Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

चाडपर्व लक्षित सुरक्षा

# सादा पोसाकका प्रहरीदेखि तालिमप्राप्त कुकुरसम्म परिचालन

**काठमाडौं/मस–** दसैं, तिहार तथा छठलगायतका प्रमुख चाडपर्वलाई लक्षित गरी काठमाडौं उपत्यकामा तीन हजार ५०६ जना प्रहरी परिचालन गरिएको छ। चाडपर्वका समयमा हुनसक्ने आपराधिक गतिविधि नियन्त्रण गरी नागरिकलाई सुरक्षित र निधक्कसँग पर्व मनाउने वातावरण बनाउन प्रहरीले विशेष सुरक्षा योजना लागू गरेको हो।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार चाडपर्वको समयमा बजार, सार्वजनिकस्थल, यातायात तथा नागरिकको बढी आवतजावत हुने क्षेत्रमा हुनसक्ने चोरी, लुटपाट, ठगीलगायतका आपराधिक गतिविधि नियन्त्रण गर्न विशेष योजनाकासाथ प्रहरी परिचालन गरिएको छ।

चाडपर्व मनाउन घरबाहिर निस्कने, किनमेलका लागि बजार जाने तथा विभिन्न स्थानमा यात्रा गर्ने नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर सुरक्षा व्यवस्था मिलाइएको परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिए।

उनका अनुसार चाडपर्व लक्षित सुरक्षा व्यवस्थाअन्तर्गत परिचालन गरिएका प्रहरीमध्ये एक सय जना सादा पोसाकमा छन्। उनीहरूले सार्वजनिकस्थल तथा भीडभाड हुने क्षेत्रमा निगरानी गर्ने, शंकास्पद गतिविधिको पहिचान गर्ने र सम्भावित आपराधिक क्रियाकलाप नियन्त्रणमा सहयोग पुऱ्याउने छन्।

प्रहरीले परम्परागत सुरक्षा गस्तीका अतिरिक्त प्रविधिको प्रयोगलाई समेत प्राथमिकता दिएको छ। सुरक्षा निगरानीका लागि सामुदायिक सेवा केन्द्र, ड्रोन क्यामेरा, सामाजिक सञ्जाल तथा तालिमप्राप्त कुकुरको प्रयोग गरिएको परिसरले जनाएको छ। प्रविधि र जनशक्तिको समन्वयबाट शंकास्पद गतिविधिको पहिचान तथा सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाइने उपरीक्षक थापाले बताए।



### भीडभाड हुने क्षेत्र सुरक्षाको प्राथमिकतामा

चाडपर्वका समयमा सर्वसाधारणको चहलपहल बढ्ने भएकाले सार्वजनिकस्थल, बसपार्क, वित्तीय संस्था तथा तिनका आसपासका क्षेत्र, सरकारी कार्यालय र चाडपर्व लक्षित बजारमा विशेष निगरानी बढाइएको छ। नागरिकको बढी भीडभाड हुने स्थानमा नियमित प्रहरीसँगै सादा पोसाकका प्रहरीसमेत परिचालन गरिएको प्रवक्ता थापाले जानकारी दिए।

दसैं तथा तिहारका समयमा किनमेल गर्ने, घर फर्किने र आफन्तकहाँ जाने सर्वसाधारणको संख्या बढ्ने हुँदा बजार तथा यातायातका केन्द्रमा सुरक्षा चुनौतीसमेत बढ्न सक्ने प्रहरीको आकलन छ। त्यस्ता क्षेत्रमा चोरी, पाकेटमारी, ठगी तथा अन्य अवाञ्छित गतिविधि हुन नदिन प्रहरी टोलीलाई सक्रिय बनाइएको प्रिरसरले जनाएको छ।

त्यस्तै वित्तीय संस्था तथा आर्थिक कारोबार हुने क्षेत्रको सुरक्षामा पनि ध्यान दिइएको छ। चाडपर्वका समयमा सर्वसाधारणले किनमेल तथा अन्य प्रयोजनका लागि रकम बोकेर हिँड्ने भएकाले सम्भावित आपराधिक गतिविधि नियन्त्रण गर्न निगरानी बढाइएको प्रहरीले जनाएको छ।

### चौध सेक्टरमा सुरक्षा योजना लागू

चाडपर्वका समयमा सुरक्षा व्यवस्थालाई व्यवस्थित र प्रभावकारी बनाउन काठमाडौं उपत्यकाका १४ वटा सेक्टरलाई लक्षित गरी सुरक्षा योजना लागू गरिएको प्रहरी उपरीक्षक थापाले बताए। उनका अनुसार ती सेक्टरमा सम्बन्धित प्रहरी वृत्तका प्रमुखलाई परिचालन गरी सुरक्षा व्यवस्थाको प्रत्यक्ष निगरानी गर्ने व्यवस्था मिलाइएको छ।

उनले भने, 'हामीले उपत्यकाका १४ वटा सेक्टरलाई लक्षित गरी सुरक्षा योजना लागू गरेका छौं। ती सेक्टरमा प्रहरी वृत्त प्रमुख खटिनेछन् भने त्यसको निगरानी परिसरले गर्नेछ। परिसर प्रमुख र सिनियर अधिकृत पनि उक्त सुरक्षा योजनाअनुसार खटिनुहुनेछ।' सेक्टरगत रूपमा जिम्मेवारीले सम्बन्धित क्षेत्रमा प्रहरीको उपस्थितिलाई प्रभावकारी बनाउन र घटनाको सूचना प्राप्त भएपछि तत्काल परिचालन हुन सहज हुने प्रहरीको भनाइ छ। प्रहरी वृत्तका प्रमुखले आफ्नो क्षेत्रको सुरक्षा अवस्थाबारे निगरानी गर्ने तथा जिल्ला प्रहरी परिसरले समग्र सुरक्षा व्यवस्थाको अनुगमन गर्नेछ।

सुरक्षा योजनाअन्तर्गत प्रहरी जनशक्तिको परिचालन, नियमित गस्ती, शंकास्पद गतिविधिको निगरानी तथा आवश्यकताअनुसार तत्काल प्रहरी टोली परिचालन गर्ने व्यवस्थालाई प्राथमिकता दिइएको छ। सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन परिसर प्रमुखसहित वरिष्ठ प्रहरी अधिकृत पनि योजनाको अनुगमन तथा कार्यान्वयनमा संलग्न हुनेछन्।

### चाडपर्व ढुक्कसँग मनाउने वातावरण बनाउँदै प्रहरी

आपराधिक गतिविधि नियन्त्रण गर्न प्रहरीको सक्रियता बढाइएकाले नागरिकले निर्धक्कसँग चाडपर्व मनाउन सक्ने वातावरण बनाउनु सुरक्षा योजनाको मुख्य उद्देश्य रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार, दसैं, तिहार र छठका अवसरमा बजारमा किनमेल गर्नेको चाप, सार्वजनिक यातायातमा बढ्दो यात्रुको आवागमन तथा विभिन्न स्थानमा धार्मिक र सांस्कृतिक गतिविधि सञ्चालन हुने भएकाले सुरक्षा व्यवस्थालाई चुस्त बनाइएको छ। त्यस अवधिमा सार्वजनिक स्थानको निगरानीदेखि शङ्कास्पद गतिविधिको पहिचानसम्मका काममा प्रहरीलाई परिचालन गरिएको छ।

प्रहरीले जनशक्ति परिचालनसँगै प्रविधिको प्रयोग र विभिन्न निकायसँगको समन्वयलाई समेत प्राथमिकता दिएको छ। सादा पोसाकका प्रहरी, ड्रोन क्यामेरा तथा तालिमप्राप्त कुकुरको प्रयोगले सुरक्षा निगरानीलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको प्रहरीको भनाइ छ।

यसैबीच, चाडपर्वमा हुने सम्भावित आपराधिक गतिविधि नियन्त्रण गर्न प्रहरीको सक्रियता महत्त्वपूर्ण हुने भएकाले सर्वसाधारणलाई पनि सचेत रहन प्रहरीले आग्रह गरेको छ। आफ्नो घर तथा सम्पत्तिको सुरक्षामा ध्यान दिन, अपरिचित व्यक्तिको गतिविधिप्रति सचेत रहन र शंकास्पद गतिविधि देखिएमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन प्रहरीले अनुरोध गरेको छ।

# १०९ विद्यालयमा ६ अर्ब लगानी गर्दै सरकार

**काठमाडौं/मस–** सरकारले सामुदायिक विद्यालयप्रति विद्यार्थी र अभिभावकको बढ्दो आकर्षणलाई थप मजबुत बनाउने उद्देश्यका साथ पूर्वाधार विकासको योजना अघि बढाएको छ।

उत्कृष्ट नतिजा हासिल गर्दै दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत देशभरका १०९ वटा ठूला सामुदायिक विद्यालयलाई प्राथमिकतामा राखेर भौतिक पूर्वाधार विस्तारको काम थालिएको हो।

शिक्षा क्षेत्रको रूपान्तरणका लागि यो एक ऐतिहासिक कदम भएको बताउँदै यसै चालु आर्थिक वर्षमा ती विद्यालयहरूको संरचना सुदृढीकरणका लागि कूल ६ अर्ब ५४ करोड रुपैयाँ बजेट विनियोजन गरिएको शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले जनाएका छन्।

मन्त्री पोखरेलका अनुसार, यस योजनाअन्तर्गत पहिलो चरणमा ८९




वटा विद्यालयका लागि ५ अर्ब ३४ करोड रुपैयाँ निकासा भइसकेको हो। निकासा भएको रकममार्फत अहिले विद्यालयहरूमा अत्याधुनिक १२ कोठे तीन तले भवन निर्माणको काम तीव्र गतिमा अघि बढाइने भएको छ।

प्रतिविद्यालय करिब ६ करोड रुपैयाँको लागतमा बन्ने यी भवनहरूमा आधुनिक कक्षाकोठा, व्यवस्थित प्रयोगशाला र समृद्ध पुस्तकालयको समेत व्यवस्था हुनेछ। यसले विद्यार्थीहरूको सिकाइ वातावरणलाई अझ सुरक्षित, व्यवस्थित र प्रभावकारी बनाउने मन्त्री पोखरेलले बताएका छन्। 'कतिपय सामुदायिक विद्यालयहरूमा विद्यार्थीको उच्च चाप हुनु खुसीको विषय हो भने केही विद्यालयहरू विद्यार्थी अभावबाट गुज्रिरहेको यथार्थप्रति हामी उत्तिकै सचेत छौं। विद्यालयहरूबीचको यो असमानतालाई चिर्न हामीले अहिले ठूला विद्यालयबाट पूर्वाधार सुधार सुरु गरेका हौं' उनले भने, 'आगामी दिनमा देशका सम्पूर्ण सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर र भौतिक पूर्वाधार समान रूपमा सुदृढ बनाउँदै यो असमानता सधैंका लागि अन्त्य गर्ने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु।'

साथै देशको भविष्य निर्माणमा अहोरात्र खट्ने सम्पूर्ण शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई धन्यवाद दिदै मन्त्री पोखरेलले सामुदायिक शिक्षाको मुहार फेर्न सबैको सहकार्य र हातेमालोको आह्वान गरेका छन्।

# शान्ति सुरक्षा र सुशासनमा कडाइ गर्ने प्रजिअ ज्ञवालीको प्रतिबद्धता

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ असोज

अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ज्ञवालीले पत्रकार तथा सरोकारवालाले उठाएका समस्या समाधानका लागि तत्काल पहल गर्ने बताएका छन्।

जिम्मेवारी सम्हालेको पहिलो दिन सञ्चारकर्मीसँग परिचयात्मक भेटघाट गर्दै प्रजिअ ज्ञवालीले जिल्लाका समसामयिक समस्या सूक्ष्म रूपमा विश्लेषण गरी समाधानका लागि आवश्यक समन्वय र सहकार्य गर्ने बताए।

शान्ति सुरक्षा सम्झौताहीन विषय भएको उल्लेख गर्दै उनले जिल्लामा देखिएका समस्या पहिचान गरी समाधानका लागि सम्बन्धित पक्षसँग सहकार्य गर्न आफू तयार रहेको बताए। उनले जिल्लाको शान्ति सुरक्षा कायम गर्न सबै पक्षको सहयोगसमेत आग्रह गरे। चाडपर्वका समयमा नागरिकले अनुभूति गर्ने गरी शान्ति सुरक्षा र अमनचयन कायम गर्न प्रशासन तथा सुरक्षा निकायलाई प्रभावकारी रूपमा परिचालन गरिने ज्ञवालीले बताए। दसैंतिहारका बेला बजार तथा गाउँघरमा हुने बढ्दो जमघट र विभिन्न गतिविधिका कारण उत्पन्न हुन सक्ने सुरक्षा चुनौतीप्रति जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय सजग रहेको उनको भनाइ छ।

नागरिकको जीउधनको सुरक्षा गर्ने दायित्व प्रहरी प्रशासनको भएपनि त्यसका लागि प्रशासन र नागरिकबीच सहकार्य अनिवार्य रहेको उनले बताए। सम्भावित सुरक्षा जोखिम न्यूनीकरण गर्न




नागरिक सुनुवाइ तथा सार्वजनिक सुनुवाइ कार्यक्रमलाई थप प्रभावकारी बनाउने योजना रहेको पनि उनले जानकारी दिए।

जिल्लामा हुने अनियमितता, कानुनविपरीतका गतिविधि र सरकारी काममा हुने ढिलासुस्तीविरुद्ध प्रशासन कडा रूपमा प्रस्तुत हुने ज्ञवालीले बताए। चोरी निकासी, लागुऔषधको प्रयोग तथा कारोबार नियन्त्रण गर्न प्रहरीलाई आवश्यक निर्देशन दिने उनको भनाइ छ।

रातिको समयमा हुन सक्ने अवाञ्छित गतिविधि नियन्त्रण गर्न प्रहरी गस्ती प्रभावकारी बनाउने, आपराधिक गतिविधिमा शीघ्र कारबाही गर्ने तथा तीव्र गतिमा सवारी चलाउने कार्य नियन्त्रण गर्न आफूले प्रहरीलाई निर्देशन दिएको उनले बताए। त्यसैगरी विपद् पूर्वतयारी र प्रतिकार्यका योजना जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिका सुझावका आधारमा अघि बढाइने उनले जानकारी दिए।

भेटघाटका क्रममा पत्रकारहरूले जिल्लाका विभिन्न स्थानमा देखिएका बेथिति, सडक दुर्घटना, आत्महत्या न्यूनीकरण, बालविवाह, खुलेआम अखाद्य वस्तुको बिक्रीवितरण, फोहोर व्यवस्थापन, सरकारी कार्यालयमा हुने ढिलासुस्ती, सार्वजनिक जग्गा अतिक्रमण र कर्मचारी अभावका विषयमा प्रजिअ ज्ञवालीको ध्यानाकर्षण गराएका थिए। त्यस्तै, लागुऔषधको बिक्रीवितरण तथा त्यसले युवापुस्तामा पारेको प्रभाव, हत्या तथा आपराधिक घटनामा भइरहेको वृद्धि र त्यसबाट शान्ति सुरक्षामा उत्पन्न चुनौतीबारे पनि पत्रकारहरूले प्रश्न तथा सुझाव राखेका थिए। पत्रकारहरूले दिएका सुझावलाई गम्भीरतापूर्वक लिएको बताउँदै प्रजिअ ज्ञवालीले ती विषयलाई प्राथमिकताका आधारमा क्रमशःकार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे।

भेटघाट कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष गणेश खनालसहित जिल्लामा क्रियाशील सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

# व्यापारीले गरे आत्मदाह प्रयास घुस मागेको आरोप

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २८ असोज

कपिलवस्तुको कृष्णानगरमा प्रहरीले चामलसहितको पिकअप भन्सार कार्यालयमा बुझाएपछि एक व्यापारीले भन्सार कार्यालयअगाडि आत्मदाहको प्रयास गरेका छन्। लुम्बिनी प्रदेश प्रहरीको विशेष टोलीले कृष्णानगर बजारस्थित बैंक रोडबाट ३२ क्विन्टल चामल र एक पिकअप नियन्त्रणमा लिएर भन्सार बुझाएपछि व्यापारी महेश अग्रहरीले शरीरमा मट्टीतेल छर्केर आत्मदाहको प्रयास गरेको बताइएको छ।

२०८३ असोज २८ गते भएको उक्त घटनामा प्रहरीले अग्रहरीलाई जोगाएको र उनी बेहोस भएपछि उपचारका लागि बुटवलस्थित गौतमबुद्ध मुटु अस्पताल लगिएको उद्योग वाणिज्य संघका अध्यक्ष रितेश शर्माले बताएका छन्। बिलबिजक हुँदाहुँदै चामल नियन्त्रणमा लिएको र एक लाख रुपैयाँ घुस मागिएको व्यापारीको आरोप छ।

आत्मदाहको प्रयास गर्नुअघि अग्रहरीले चिच्याउँदै आफूले एक लाख रुपैयाँ घुस नदिएकै कारण बिलबिजक हुँदाहुँदै पनि चामल



र पिकअप जबर्जस्ती भन्सार बुझाइएको आरोप लगाएका थिए। उनले डीआईजीका घुमुवाले घुस मागेको दाबीसमेत गरेका छन्। व्यापारीको यो आरोपले प्रहरीको कारबाही, राजस्व प्रशासनको कार्यशैली र सीमावर्ती क्षेत्रमा हुने भनिएका आर्थिक अनियमितताबारे गम्भीर प्रश्न खडा गरेको छ। यद्यपि, घुस मागिएको आरोपको स्वतन्त्र पुष्टि हुन बाँकी छ। घटनाको निष्पक्ष छानबिन गरी आरोप सत्य भए दोषीमाथि कारबाही र आरोप असत्य भए वास्तविकता सार्वजनिक गर्नु आवश्यक देखिन्छ।

### प्रहरीको जवाफ : घुस मागिएको विषयमा जानकारी छैन

घटनाबारे लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक शारदा प्रसाद चौधरीसँग प्रतिक्रिया लिँदा उनले चामलसहितको पिकअप नियन्त्रणमा लिएर भन्सार बुझाइएको र घुमुवाले एक लाख रुपैयाँ मागेको विषयमा आफूलाई कुनै जानकारी नभएको बताए।

चौधरीले कृष्णानगरमा एक जना व्यक्तिले आत्मदाहको प्रयास गरेको र उनी जिल्ला अस्पताल तौलिहवामा उपचाररत रहेको जानकारी मात्र आफूलाई प्राप्त भएको बताएका छन्। तर, लुम्बिनी प्रदेश प्रहरी कार्यालय, तुलसीपुर, दाङको फेसबुक पेजमा समेत चामललाई अवैध भारतीय चामल भन्दै नियन्त्रणमा लिएर कृष्णानगर भन्सार कार्यालयमा बुझाइएको उल्लेख गरिएको छ।

### कारबाहीको वैधानिकता र घुसको आरोपमाथि छानबिन आवश्यक

चामल अवैध थियो वा वैध, व्यापारीसँग रहेका बिलबिजकको अवस्था के थियो र नियन्त्रणमा लिने क्रममा कानुनी प्रक्रिया पूरा गरिएको थियो वा थिएन भन्ने विषय छानबिनबाट स्पष्ट हुनुपर्छ। त्यस्तै, घुस मागिएको आरोपबारे सम्बन्धित प्रहरी अधिकारी तथा अन्य सरोकारवालाको भूमिका पनि निष्पक्ष रूपमा अनुसन्धान गरिनुपर्छ।

# पूर्ण रूपमा बाहिरियो मनसुन

**काठमाडौं/मस–** नेपालबाट यस वर्षको मनसुन पूर्णरुपमा बाहिरिएको छ। मौसम पूर्वानुमान महाशाखाले असोज २८ गते मनसुन देशका सबै भूभागबाट बाहिरिएको जानकारी दिएको हो।

महाशाखाका अनुसार यस वर्ष असोज १७ गतेदेखि पश्चिमी तथा उत्तरी क्षेत्रका केही भूभागबाट मनसुन बाहिरिन सुरु गरेको थियो। सामान्यतया नेपालमा जुन १३ मा मनसुन भित्रिने र अक्टोबर २ मा बाहिरिने गर्छ। तर, यस वर्ष जुन १९ अर्थात् असार ५ गते नेपालमा मनसुन प्रवेश गरेको थियो भने सरदर मितिभन्दा १२ दिनपछि बाहिरिएको हो।

यस वर्ष मनसुन बाहिरिने सरदर अवधिमा नेपालमा औसत वर्षा भएको बताइएको छ। यद्यपि, भौगोलिक क्षेत्रअनुसार वर्षाको मात्रा र प्रतिशतमा भिन्नता देखिएको छ। तराई तथा पहाडी क्षेत्रको तुलनामा हिमाली क्षेत्रमा बढी वर्षा भएको छ।

मौसमविद्हरूका अनुसार मनसुन पूर्णरुपमा बाहिरिएसँगै आगामी केही दिनसम्म देशका अधिकांश स्थानमा मौसम सामान्यतया सफा र घमाइलो रहनेछ। पहाडी भूभागका एक–दुई स्थानमा छिटपुट वर्षाको सम्भावना रहे पनि समग्रमा दशैंको समयमा मौसम अनुकूल रहने पूर्वानुमान गरिएको छ। मौसम घमाइलो रहने अनुमानसँगै दशैंमा यात्रा गर्ने, टीका तथा जमरा लगाउन आफन्तकहाँ जाने र घुमफिर गर्ने सर्वसाधारणलाई सहज हुने अपेक्षा गरिएको छ।

# खसी–बोका मेलामा १४७ किसान सहभागी

**राजकुमार भूजेल/मध्यान्ह**
दोलखा, २८ असोज

दोलखा भीमेश्वर नगरपालिका-५ ले आयोजना गरेको बाख्रापालक किसान प्रोत्साहन तथा खसी-बोका मेला सम्पन्न भएको छ। बाख्रापालन व्यवसायलाई प्रोत्साहन गर्ने र स्थानीय किसानले उत्पादन गरेका खसी-बोकाको बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजित मेलामा १४७ जना किसान सहभागी भएका थिए। मेलामा २०५ वटा खसी-बोका सहभागी गराइएकामा २३ वटा बिक्री भएका छन्। बिक्री भएका खसी-बोकाको कुल तौल ६०० केजी बराबर रहेको थियो। सोही तौलका आधारमा किसानलाई प्रतिकेजी ४० रुपैयाँका दरले प्रोत्साहन रकम वितरण गरिएको थियो। मेलामा उत्कृष्ट किसानलाई विभिन्न पुरस्कारबाट सम्मान गरिएको छ। जसअनुसार प्रथम पुरस्कार शिवराम कार्कीले १० हजार रुपैयाँ, द्वितीय पुरस्कार कमला श्रेष्ठले ७ हजार रुपैयाँ र तृतीय पुरस्कार सुन्तली श्रेष्ठले ४ हजार रुपैयाँ प्राप्त गरेका थिए। त्यसैगरी, सान्त्वना पुरस्कार दुर्गा देवी कार्कीले



२ हजार रुपैयाँ प्राप्त गरेका छन्।

मेलाको अवसरमा पशु स्वास्थ्य शिविरसमेत सञ्चालन गरिएको थियो। शिविरले पशुपालक किसानलाई पशुको स्वास्थ्यसम्बन्धी सेवा उपलब्ध गराउन सहयोग पुऱ्याएको थियो। नगर प्रमुख ईश्वरनारायण मानन्धरको प्रमुख आतिथ्यतामा सम्पन्न मेलामा कृषि, पशुपन्छी तथा पशु सेवा कार्यालयका डा. मदन भण्डारी, भीमेश्वर नगरपालिकाको पशु शाखा प्रमुख डा.निसान दाहाल र श्याम खड्का मूल्यांकनकर्ताका रूपमा रहेका थिए।

# स्कुल बसको ठक्करबाट बालिकाको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ असोज

रौतहटको चन्द्रपुर नगरपालिकामा स्कुल बसको ठक्करबाट एक बालिकाको ज्यान गएको छ। चन्द्रपुर नगरपालिका वडा नं. ८ मोतीपुरस्थित भित्री सडक खण्डमा बुधबार बिहान बसले ठक्कर दिँदा दुई वर्षीया बालिकाको घटनास्थलमै मृत्यु भएको हो।

सिन्धुरेघारीबाट चन्द्रपुरतर्फ आउँदै गरेको म.प्र.०३-००१ क २८७८ नम्बरको मून लाइट एकेडेमीको स्कुल बसले घरअगाडि सडक छेउमा खेलिरहेकी स्थानीय सिकेन्द्र चौधरीकी दुई वर्षीया छोरी महिमा चौधरीलाई ठक्कर दिएको प्रहरीले जनाए। ठक्करबाट बालिकाको टाउकोको पछाडिपट्टि गम्भीर चोट लागी घटनास्थलमै मृत्यु भएको हो।

घटनाको जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट प्रहरी नायब उपरीक्षक सत्य नारायण थापाको कमाण्डमा १५ जनाको टोली घट्नास्थल पुगेको थियो। प्रहरी टोलीले घटनास्थलको कानुनी प्रक्रिया पूरा गरी शवलाई पोस्टमार्टमका लागि चन्द्रपुर सरकारी अस्पताल पठाएको छ। दिउँसो १२:२० बजे बालिकाको शव आफन्तहरूसहित चन्द्रपुर सरकारी अस्पताल पुऱ्याइएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाए।

घटनापछि सवारी साधन बस चालक र दुर्घटना गराउने बसलाई प्रहरीले नियन्त्रणमा लिएको छ। चन्द्रपुर नगरपालिका वडा नं. ४ बस्ने ४५ वर्षीय बस चालक कान्छा राई र बसलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाएको छ। बसलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर तथा चालकलाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको नियन्त्रणमा राखिएको छ।

उक्त दुर्घटनास्थल प्रहरी चौकी सन्तपुरबाट करिब २ किलोमिटर उत्तर-पूर्व दिशामा पर्दछ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाए।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०९/२६ मा दर्ता भएको **दर्ता नं.: ८९५८१** को **यति इक्विपमेन्ट स्पोर्टस प्रा.लि.** कम्पनीको विशेष बैठकद्वारा मिति २०८३/०६/११ को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वोच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन, वाँकी वक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५।०८।१७ मा दर्ता भएको **प्रा.लि. नं. ५८१४९** को **नेपाल ग्लोबल कनेक्ट इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/२९**

यस कम्पनीको मिति २०८३।०६।१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **किड्स गार्डन चाइल्ड केयर सेन्टर प्रा.लि. (दर्ता नं. १३१११७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।२३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **युनाइटेड एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०१/१६ मा दर्ता भएको **प्रा.लि. नं. ११२०१०** को **नेपाल अर्किड एजुकेशन फाउन्डेशन प्रा.लि.** कम्पनीको मिति २०८३/०६/२८ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: श्रीकृष्ण न्यौपाने, इजाजतपत्र नं. ५६८, फोन: ९८५१३२१०६४**

**विशेष दर्ता खारेजी 30 दिने सूचना**

यस कार्यालयमा मिति २०६४।०४।२८ मा दर्ता भएको **प्रा.लि. नं. ४७४३०** को **प्लानिङ्ग एण्ड आर्किटेक्चर कन्सल्टेन्सि** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**विशेष दर्ता खारेजी 30 दिने सूचना**

यस कार्यालयमा मिति २०७१।०५।२९ मा दर्ता भएको **प्रा.लि. नं. १२६५९४** को **हिमालयन मास्टर ह्याण्डीक्राफ्ट** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

मध्यान्ह
www.madhyanhadaily.com
२९ असोज २०८३ बिहीबार
15 October 2026 Thursday

सम्पादकीय

## रेमिट्यान्सको सदुपयोग

दसैं नेपालीको प्रमुख चाड हो । यो धार्मिक तथा सांस्कृतिक पर्व मात्र नभई अर्थतन्त्र चलायमान बनाउने अवसर पनि हो । चाडपर्वमा बजारमा किनमेल बढ्छ । खाद्यान्न, लत्ताकपडा, मासु, विद्युतीय उपकरणदेखि यातायात र मनोरञ्जनसम्मका क्षेत्रमा कारोबार विस्तार हुन्छ । विदेशमा रहेका नेपालीले परिवारको खर्च धान्न पठाउने रकमले पनि बजारमा चहलपहल बढाउँछ ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार दसैं पर्ने महिनामा भित्रिने रेमिट्यान्स पाँच वर्षमा दोब्बरभन्दा बढी भएको छ । २०७८ सालको असोजमा ८३ अर्ब ९५ करोड रूपैयाँ रेमिट्यान्स भित्रिएकामा २०८२ को असोजमा दुई खर्ब एक अर्ब २२ करोड रूपैयाँ पुगेको छ । यसले नेपाली अर्थतन्त्रमा रेमिट्यान्सको बढ्दो महत्त्व देखाउँछ ।

रेमिट्यान्सले परिवारको दैनिक खर्च धान्न, शिक्षा तथा स्वास्थ्यमा खर्च गर्न र मुलुकको विदेशी मुद्रा सञ्चिति बढाउन योगदान पुर्‍याएको छ । तर विदेशमा श्रम गरेर कमाएको रकमको ठुलो हिस्सा उपभोगमै खर्च हुने गरेको छ । यसले बजारमा माग बढाए पनि उत्पादन, रोजगारी र पुँजी निर्माणमा अपेक्षित योगदान पुग्न सकेको छैन । अझ आयातित वस्तुको खरिदमा रकम खर्च हुँदा त्यसको ठुलो हिस्सा बिदेसिने अवस्था छ ।

रेमिट्यान्सको उपयोगसम्बन्धी पुराना अध्ययनले पनि उत्पादनमूलक क्षेत्रमा यसको परिचालन न्यून रहेको देखाएका छन् । त्यसैले रेमिट्यान्सलाई उपभोगबाट बचत, उद्यम र उत्पादनतर्फ जोड्नु आवश्यक छ । यसका लागि सरकारले साना उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि र स्वरोजगारका क्षेत्रमा लगानी गर्न प्रोत्साहन दिनुपर्छ । सहुलियतपूर्ण कर्जा, उद्यमशीलता तालिम, बजार पहुँच र व्यावसायिक परामर्श उपलब्ध गराउन सके रेमिट्यान्स प्राप्त गर्ने परिवारलाई आफ्नै व्यवसाय सुरू गर्न सहज हुनेछ ।

रेमिट्यान्स प्राप्त गर्ने परिवारलाई लक्षित गरी छुट्टै कोष स्थापना गर्ने सुझाव पनि विचारणीय छ । यस्तो कोषबाट सहज कर्जा उपलब्ध गराएर साना उद्यम विस्तार गर्न सकिन्छ । तर लगानीका लागि बाध्य पार्नेभन्दा स्वेच्छिक बचत र लगानीलाई आकर्षक बनाउने नीति आवश्यक हुन्छ ।

विदेशमा श्रम गर्ने नेपालीको कमाइले तत्काल परिवारको आवश्यकता पूरा गर्नु स्वाभाविक हो । तर त्यसको केही हिस्सा उत्पादन र आयआर्जनमा परिचालन गर्न सके परिवारको आर्थिक अवस्था सुधारिनुका साथै देशभित्रै रोजगारी सिर्जना गर्न सकिन्छ । दसैंमा रेमिट्यान्स भित्रिएर बजारमा चहलपहल बढ्नु सकारात्मक हो । अब यसको प्रभाव चाडपर्वमा मात्र सीमित नराखी वर्षभरि टिकाउने वातावरण बनाउनुपर्छ ।

# दसैं : पुरानो र नयाँ पुस्ताको जिम्मेवारी

परम्परागत दसैंको सुन्दरता महँगा पहिरन र तामझाममा होइन, पारिवारिक आत्मीयता, सामूहिक उल्लास, मान्यजनको आशीर्वाद र सामाजिक सद्भावमा थियो । आधुनिकता अपनाउँदै गर्दा यी मूल्य हराउन दिनु हुँदैन । पुरानो दसैं फर्काउने होइन, त्यसको आत्मा जोगाएर नयाँ दसैं निर्माण गर्नुपर्छ ।

अग्रलेख



● श्यामप्रसाद मैनाली

दसैं आउँदा आज पनि हाम्रो मन अनयासै बाल्यकालतिर फर्किन्छ । कमेरो र रातो माटोले लिपिएका घर, सफा आँगन, नयाँ लुगाको उत्साह, पिङको चुइँचुइँ आवाज, आमाको हातको स्वादिलो परिकार, आफन्तको जमघट र मान्यजनका हातबाट निधारमा लाग्ने टीका तथा आशीर्वाद सम्झँदा लाग्छ, दसैं कुनै धार्मिक पर्व मात्र थिएन । त्यो हाम्रो जीवनपद्धति, सामाजिक सम्बन्धको पुनर्मिलन र सामूहिक उल्लासको उत्सव थियो ।

नेपालको बहुभाषिक, बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक समाजमा दसैंले धार्मिकसँगै सामाजिक र सांस्कृतिक महत्त्व पनि बोकेको छ । आश्विन शुक्ल प्रतिपदादेखि कोजाग्रत पूर्णिमासम्म मनाइने यस पर्वमा देवीपूजा, टीका र जमरा जति महत्त्वपूर्ण छन्, त्यत्तिकै महत्त्वपूर्ण छन्-पारिवारिक पुनर्मिलन, मान्यजनप्रतिको सम्मान, सानाप्रतिको स्नेह र सामाजिक आत्मीयताको नवीकरण ।

परम्परागत दसैंको तयारी गाउँमा निकै अघिदेखि सुरु हुन्थ्यो । वर्षायाममा बिग्रिएका बाटाघाटा गाउँलेहरू मिलेर मर्मत गर्थे । घरआँगन सफा गरिन्थ्यो र भित्ताहरू कमेरो तथा रातो-पहेँलो माटोले सिँगारिन्थे । जंगलबाट खयर ल्याएर प्राकृतिक रङ तयार गरिन्थ्यो । यसरी घर मात्र होइन, सिंगो गाउँ नै दसैंका लागि नयाँ पोसाकमा सजिएजस्तो देखिन्थ्यो । त्यस तयारीमा व्यक्तिगतभन्दा सामूहिक भावना बलियो हुन्थ्यो ।



खेतबारीको काम सकिँदै जान्थ्यो । धान रोपाइँको व्यस्ततापछि केही फुर्सद मिल्थ्यो । हरियाली, खुला आकाश र शरद ऋतुको उज्यालो घामले गाउँलाई रमणीय बनाउँथे । दसैं धार्मिक पात्रोको पर्व मात्र नभई श्रमपछिको विश्राम, प्रकृतिको सौन्दर्य र सामूहिक आनन्दको संगम थियो ।

घरमै तयार हुने परिकार दसैंको अर्को विशेषता थियो । घैयाको चिउरा, ढिकीमा कुटेको चामलको भात, कर्कलोको अचार, काँक्राको खल्पी, कागती र आँपका अचार, एकराते दही, मालुवा केरा तथा सखरले घर भरिन्थ्यो । खेतबारी र घरआँगनले नै दसैंको स्वाद जुटाउँथे । ती परिकारमा स्वादसँगै माटोको सुवास र आमाको माया मिसिएको हुन्थ्यो ।

बालबालिकाका लागि नयाँ लुगा, जुत्ता र पिङ दसैंका मुख्य आकर्षण थिए । घरमै दमाई आएर लुगा सिलाइदिनुहुन्थ्यो । नयाँ जुत्ता लगाउँदा खुट्टा दुखे पनि मनमा छुट्टै उत्साह हुन्थ्यो । साथीभाइसँग पिङ खेल्नु र नयाँ पहिरनमा गाउँ डुल्नुको आनन्द बेग्लै थियो । नवमीमा भगवतीको पूजा, मालश्री र सामूहिक धार्मिक अनुष्ठानले दसैंको धार्मिक पक्षलाई जीवन्त बनाउँथे । दशमीमा टीका-जमरा ग्रहण गरी मान्यजनबाट आशीर्वाद लिने र आफन्तकहाँ जाने क्रम पूर्णिमासम्म चल्थ्यो । जेठाको घरमा हुने 'टाउके भोज'जस्ता परम्पराले नातासम्बन्ध बलियो बनाउँथे । दक्षिणाका रूपमा पाइने चाँदीको मोहोरको मूल्य पैसाले होइन, त्यसमा जोडिएको माया र आशीर्वादले निर्धारण हुन्थ्यो । साधन कम भए पनि सन्तुष्टि धेरै थियो, प्रदर्शन कम भए पनि आत्मीयता गहिरो थियो ।

**आधुनिकता र हराउदै गएको आत्मीयता**

समय परिवर्तन भएको छ । विज्ञान, प्रविधि, यातायात र सञ्चारले जीवन सहज बनाएका छन् । आधुनिकता आफैंमा विरोध गर्नुपर्ने विषय होइन । समस्या आधुनिकतामा होइन, त्यसका नाममा मौलिक मूल्य र संस्कार विस्थापित हुँदै जानुमा छ ।

आज दसैं कतिपय अवस्थामा पारिवारिक पुनर्मिलनभन्दा किनमेल, भ्रमण र प्रदर्शनको पर्व बन्न थालेको छ । सामाजिक सञ्जालमा तस्बिर र भिडियो प्रदर्शन, महँगा पहिरन तथा उपभोगवादी जीवनशैलीले बाहिरी चमक बढाए पनि आत्मीय पक्ष कमजोर हुँदै गएको अनुभूति हुन्छ । संयुक्त परिवार विघटित हुँदै छन् । वैदेशिक रोजगारीले परिवारका सदस्यलाई टाढा बनाएको छ । सामूहिक पिङ, घरेलु परिकार, गाउँको साझा तयारी र आफन्तसँगको लामो भेटघाट धेरै ठाउँमा हराउँदै गएका छन् ।

त्यसैले प्रश्न उठ्छ- आधुनिक दसैं राम्रो कि परम्परागत दसैं ?

परम्परागत दसैंको श्रेष्ठता पुरानो हुनुमा होइन, यसले बोकेको मानवीय मूल्यमा छ । त्यसमा परिवार, समाज, श्रमको सम्मान, प्रकृतिसँगको सम्बन्ध, मान्यजनप्रतिको श्रद्धा र पुस्तान्तरण हुने संस्कार थियो । आधुनिक दसैंले यी मूल्यलाई विस्थापित गर्नुको सट्टा नयाँ माध्यमबाट अझ बलियो बनाउन सके मात्र आधुनिकता सार्थक हुन्छ ।

दसैंको मूल आत्मा उपभोगमा होइन, सम्बन्धमा छ, प्रदर्शनमा होइन, आत्मीयतामा छ । परम्परालाई जस्ताकोतस्तै दोहोर्‍याउन आवश्यक छैन । हिंसा, अन्धविश्वास, अनावश्यक खर्च र सामाजिक असमानतालाई परम्पराका नाममा जोगाउनु हुँदैन । तर पारिवारिक एकता, सामाजिक सद्भाव, प्रकृतिप्रेम, मान्यजनको सम्मान र सांस्कृतिक पहिचान भने हराउन दिनु हुँदैन ।

नयाँ पुस्ताले प्रविधि प्रयोग गरोस्, तर मान्यजनसँग संवाद पनि गरोस् । आधुनिक पहिरन लगाओस्, तर आफ्नो संस्कृतिप्रति हीनभावना नराखोस् । बजारका परिकार खाओस्, तर आमाको हातको खानाको स्मृति पनि जोगाओस् । सामाजिक सञ्जालबाट शुभकामना देओस्, तर सम्भव भएसम्म आफन्तको घरमा पुगेर आत्मीय भेट पनि गरोस् । पुरानो दसैं विगतको मधुर स्मृति मात्र होइन, सांस्कृतिक चेतनाको मूल्यवान् पाठ हो । त्यसबेला साधन सीमित थिए, तर मन उदार थियो । बजार सानो थियो, तर समाज ठुलो थियो । आजको पुस्ताले पुरानो दसैंलाई हुबहु फर्काउनुपर्ने होइन, त्यसको आत्मा जोगाएर नयाँ दसैं निर्माण गर्नुपर्ने हो ।

दसैंको वास्तविक सौन्दर्य टीका र जमरामा मात्र होइन, निधारमा हात राखेर दिइने आशीर्वादमा छ । भोजका परिकारमा मात्र होइन, त्यसमा मिसिएको ममतामा छ । पिङको उचाइमा मात्र होइन, त्यसले जगाउने सामूहिक उल्लासमा छ । त्यही हो स्मृतिको सक्कली दसैं । त्यसको आत्मालाई जीवित राख्नु नै आजको दसैंलाई सार्थक बनाउने हाम्रो साझा जिम्मेवारी हो ।

**(लेखक मैनाली नेपाल सरकारका पूर्वसचिव हुन् ।)**

# जहाँ छौं, त्यहीं खुसी भएर रमाऔं



● लक्ष्मी पाण्डे
कतार

*दसैंका दिन कतारका पार्क र समुद्री किनारमा टीका-जमरा लगाएर फोटो खिचिरहेका, भिडियो बनाइरहेका नेपाली देखिनु अहिले सामान्यजस्तै भएको छ । प्रविधिले घरबाट टाढाको दूरी घटाइदिएको छ, तर मनभित्रको घरको सम्झना भने उस्तै छ ।*

मध्यान्ह दैनिकका सम्पादक दाइ जनक नेपालले म्यासेज गर्नुभयो, 'लक्ष्मी, दसैंसम्बन्धी कुनै अनुभूति वा संस्मरण छ भने लेखेर पठाऊ ।'

म्यासेज देख्नेबित्तिकै मन एकाएक पुराना दिनतिर फर्कियो । ओहो ! मैले आमा-बुबाको आशीर्वाद लिएर परिवारसँगै दसैं नमनाएकै पाँच वर्ष भइसकेछ । झन्डै एक दशकको कतार बसाइमा अधिकांश दसैं नेपालमै छुटेछन् ।

हरेक वर्ष 'यसपालि त दसैं नेपालमै मनाउनुपर्छ' भनेर नसोचेको कहाँ हो र ! तर दुई महिना गर्मी बिदा सकेर भर्खरै बच्चाको स्कुल खुलेको हुन्छ । लगत्तै दसैं आइपुग्छ । 'बच्चाको पढाइ किन छुटाउनु, दसैं त अर्को वर्ष पनि आइहाल्छ नि !' भन्दै योजना सार्दासार्दै वर्षहरू बितेको पत्तै नहुने रहेछ ।



परिवार र देशबाट टाढा बस्दा एक्लोपन त हुन्छ नै । त्यसमाथि चाडपर्वका बेला घरको सम्झनाले परदेशको मन झन् बेचैन बनाउँछ ।

हुन त, नेपालमै बस्नेलाई पनि पहिलेको जस्तो दसैं रमाइलो लाग्छ कि लाग्दैन, थाहा छैन । नेपालमा बस्नेले परदेशमा रहेका छोराछोरीको बाटो हेर्दै र परदेशमा बस्नेले घर सम्झँदै चाडपर्व मनाउनुपर्ने अवस्था अहिले हाम्रो तितो यथार्थ बनेको छ ।

परदेशमा पनि हामी दसैं मनाउँछौं । टीका लगाउँछौं, जमरा पहिरिन्छौं । तर नेपालमा दसैं आउँदा सहरदेखि गाउँसम्म, डाँडाकाँडा र बेसीसम्म छुट्टै रौनक छाउँछ । लाग्छ, प्रकृति नै दसैंमा रमाइरहेको छ । परदेशको एउटा कोठाभित्र मनाइने दसैंमा भने रौनकभन्दा खालीपन पनि महसुस हुन्छ ।

कतार बसाइका दसैंका केही रमाइला सम्झना पनि छन् । त्यतिबेला अहिलेजस्तो सहज र खुला रूपमा टीका-जमरा लगाएर दसैं मनाउने चलन थिएन । कतार भर्खर आएकी थिएँ । धेरैसँग चिनजान थिएन । माटो कहाँ पाइन्छ, जमरा राख्ने जौ कहाँ किन्न पाइन्छ भन्ने पनि थाहा थिएन । त्यसैले एकपटक जमराबिनै टीका लगाएर दसैं मनायौं ।

अर्कोपटक चराको चारो बेच्ने पसलबाट जौ किनेर जमरा राख्यौं । तर जौ उम्रिएन । अन्ततः साथीसँग जमरा लिएर दसैं मनाउनुपरेको त्यो घटना अहिले सम्झिँदा रमाइलो लाग्छ । अहिले भने जमरा राख्ने जौ नेपालबाटै ल्याएर राख्ने गरेका छौं ।

तथ्यांकअनुसार कतारमा करिब चार लाख नेपाली छन् । यति ठुलो नेपाली समुदाय भएकाले हाम्रा चाडपर्व पनि स्वाभाविक रूपमा यहाँ आइपुग्छन् । परदेशमा भेट्दा पूर्वका हुन् वा पश्चिमका, सबै नेपाली आफ्नै लाग्छन् । नजिकिँदै जाँदा एउटै परिवारका सदस्यजस्तै बनिन्छ । त्यसैले नजिकका साथीभाइसँगै बसेर दसैं मनाउँदा परदेशको एक्लोपन केही कम हुन्छ ।

कतारमा शुक्रबार र शनिबार सार्वजनिक बिदा हुन्छ । तर अधिकांश नेपालीले काम गर्ने कम्पनीमा शुक्रबार मात्र बिदा हुने गर्छ । त्यसैले दसैंको टीका आफ्नो कामको समय मिलाएर लगाउनुपर्छ । नेपालमा जस्तो साइतकै समयमा टीका लगाउने सुविधा सधैं कहाँ हुन्छ र ! संयोगले दसैं शुक्रबार पर्‍यो भने त्यो नेपालीका लागि ठुलो खुसीको विषय बन्छ ।

दसैंका दिन कतारका पार्क र समुद्री किनारमा टीका-जमरा लगाएर फोटो खिचिरहेका, भिडियो बनाइरहेका नेपाली देखिनु अहिले सामान्यजस्तै भएको छ । प्रविधिले घरबाट टाढाको दूरी घटाइदिएको छ, तर मनभित्रको घरको सम्झना भने उस्तै छ ।

दसैं हामी देशमा बसेर मनाऔं वा परदेशमा- यसको मूल उद्देश्य एउटै हो । हामीलाई खुसी दिनु र भाइचारा जोगाइराख्नु । त्यसैले जहाँ छौं, त्यहीँ खुसी भएर आफ्नो चाडपर्व सभ्य र आत्मीय रूपमा मनाऔं ।

सबैमा बडादसैंको मंगलमय शुभकामना !




# दसैं आउँदा मन घर फर्किन्छ



● जमुना भट्टराई
अमेरिका

*परदेशमा पनि टीका लगाइन्छ, जमरा सिउरिन्छ र शुभकामना साटिन्छ । तर आमा-बुबाको हातबाट टीका लगाउँदाको खुसी, आफ्नै आँगनमा जमरा सिउरिँदाको आत्मीयता र बाल्यकालका दसैंको रौनक परदेशमा कदापि फर्किँदैन ।*



जब आँखाले चोक-चोकमा बाँसको लिंगो गाडेर डोरीको लट्टा झुन्डिएको देख्थे, तब लाग्थ्यो- परदेसिएका दाजुभाइ गाउँ फर्किने बेला भएछ । अहिले त म आफैं परदेशमा छु । बर्सौंदेखि घर नगएकाहरू छुट्टी मिलाएर घर जाने तयारी गर्न थाल्छन् । उनीहरूका अनुहारमा घर फर्किने खुसी देख्दा मेरा आँखामा पनि झरी पर्न थाल्छ । आमाले कमेरो माटोले पोतेर नयाँ बनाएको घर झलझली आँखामा आउँछ । रेडियो-टेलिभिजनमा बज्ने मंगलधुन मनमा गुन्जिरहन्छ । आमाले छनछन चुरा बजाउँदै पकाएका परिकारको स्वाद सम्झनामा आउँछ । घरआँगनमा फुलेका मखमली र सयपत्री फूल आँखाअघि नाच्न थाल्छन् । अनि लाग्छ- दसैं आँखामा मात्र होइन, मनमा पनि आउँदो रहेछ ।

आकाश उही छ, तर घरको आँगन फरक छ । हरेक वर्ष क्यालेन्डर फेरिन्छ, ऋतु फेरिन्छ । अहिले त म बसेको देश नै फेरिएको छ । चैत-वैशाखको चर्को घाम छल्दै भदौपछि पारिलो घाम नीलो आकाशलाई छुँदै पृथ्वीमा पोखिन थाल्छ । त्यसैबेला लाग्छ- दसैं नजिकिँदै छ ।

अर्काको खटनमा दिनभरको काम सकेर बाहिर निस्कँदा घामको रापले शरीर छोइरहेको हुन्छ । त्यही रापसँगै दसैंले ल्याउने घरको सम्झनाले मन कताकता दुखाउँछ ।

परदेशमा बसेर हामी निधारमा टीका लगाउँछौं, कानमा जमरा सिउरिन्छौं र शुभकामना साट्छौं । बाहिरबाट हेर्दा दसैं उस्तै देखिन्छ । तर परदेशको दसैंले फूलपाती भित्र्याउँदैन । अष्टमी-नवमीमा दुर्गा भवानीको पूजा गरेर बिहानभर चण्डी पाठ गरिसकेपछि बुबाले प्रसाद दिँदा हात थापेर क्वाप्प खाएको त्यो क्षणले ल्याउने दसैं कदापि आउँदैन ।

परदेशको दसैंमा घटस्थापनाका दिन मिलेर जमरा राख्छौं । टीकाको दिन छरछिमेक र साथीभाइ मिलेर एकअर्काको घरमा टीका लगाउन पुग्छौं । छुट्टी मिलेसम्म भेटघाट चलिरहन्छ । त्यो दिन सम्भव भएन भने समय मिलेको बेला टीका लगाएर चाड मनाउँछौं ।

तर मनभित्र भने परदेशको दसैंमा एउटा खाली आँगन हुन्छ । त्यही आँगनमा आमा बाटो हेरेर बसिरहेकी हुन्छिन् । बुबाको आशीर्वाद दिने हात सम्झनामा फैलिएको हुन्छ । बाल्यकालका ती दसैंहरू धुमिल तस्बिरझैं आँखाअघि आइरहन्छन् । कहिलेकाहीं लाग्छ- हामी नेपालबाट मात्र टाढा भएका होइनौं, आफ्नै पुरानो जीवनबाट टाढा भएका हौं । समयले हामीलाई समुद्रपारि ल्यायो । जिम्मेवारीले यतै रोक्यो । कर्म गर्दागर्दै जीवनले नयाँ घर दियो, तर मनको कुनाबाट पुरानो घर कहिल्यै हटेन । त्यसैले परदेशीको दसैंमा निधारको टीकासँगै आँखामा नदेखिने आँसु पनि हुन्छ ।

घटस्थापनामा भिजाएर रोपेको जमरासँगै केही अधुरा सम्झना उम्रिन्छन् । शुभकामनासँगै मनभित्र एउटा अव्यक्त प्रार्थना पनि जन्मिन्छ- अर्को दसैंमा सायद घर फर्किन पाइयोस् । आमा-बुबाको हातबाट टीका लगाउन पाइयोस् । आफ्नै आँगनमा बसेर जमरा सिउरिन पाइयोस् ।

परदेशले हामीलाई बाँच्न सिकायो होला । धन कमाउन सिकायो होला । नयाँ संसार देखायो होला । तर घर-परिवारको अर्थ भने दसैंले अझ गहिरोसँग सिकाउँदो रहेछ ।

हामी संसारको जुनसुकै कुनामा बसेर दसैं मनाऔं, मनको एउटा बाटो सधैं नेपालतिरै जान्छ । त्यही बाटोमा हाम्रो बाल्यकाल अझै दौडिरहेको हुन्छ । आमाको आवाज सुनिन्छ । चुरा बजेको मधुरो आवाज कानमा पर्छ । घरआँगनका मखमली र सयपत्री फूल देखिन्छन् । रेडियो-टेलिभिजनमा बजेको मंगलधुन मनमा फेरि गुन्जिन्छ ।

हामी जतिसुकै टाढा पुगे पनि हाम्रो दसैं अझै त्यहीँ छ- घरको आँगनमा, आमाबुबाको प्रतीक्षामा र हाम्रो आफ्नै सम्झनाभित्र ।

# विद्युत् व्यापारका लागि निजी क्षेत्रलाई प्रवेश गराउन नीति बन्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असोज



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युत् व्यापारमा निजी क्षेत्रलाई प्रवेश गराउन आवश्यक नीतिगत व्यवस्था अन्तिम चरणमा पुगेको र निजी क्षेत्रलाई आशयपत्र (एलओआई) दिने तयारी भइरहेको बताएका छन् ।

बुधबार मन्त्रालयमा ६ महिनाको समीक्षा गर्दै ऊर्जा क्षेत्रलाई मुलुकको आर्थिक विकासको आधार बनाउने उद्देश्यसहित विद्युत् उत्पादन, प्रसारण, बजार विस्तार र आन्तरिक खपत वृद्धिलाई एकीकृत रूपमा अघि बढाइएको उनले बताए । प्राकृतिक विपद्का कारण ऊर्जा पूर्वाधारमा क्षति पुगे पनि सेवा पुनर्स्थापना र विकास निर्माणका कामलाई निरन्तरता दिइएको उनको भनाइ छ । त्यस्तै विद्युत् खरिद सम्झौता (पिपिए) प्रक्रियालाई राष्ट्रिय आवश्यकता र प्रणालीको मागअनुसार अघि बढाउन वैज्ञानिक तथा वस्तुनिष्ठ मापदण्ड तयार गरिएको उनले जानकारी दिए ।

प्रस्तावित मापदण्डमा सुख्खायामको साँझको उच्च माग पूरा गर्न सक्ने उत्पादन क्षमता, सुख्खायाममा ऊर्जा योगदान, मासिक उत्पादनको स्थिरता, प्रसारण पूर्वाधारको उपलब्धता तथा आयोजनाको व्यावसायिक उत्पादन सुरु हुने मितिसम्म विद्युत् निकासी सुनिश्चित हुने अवस्थालाई प्राथमिकता दिइनेछ ।

पछिल्लो ६ महिनाको अवधिमा ऊर्जा क्षेत्रमा रोकिएको लगानी अघि बढाउने, विद्युत् व्यापारमा निजी क्षेत्रको प्रवेशको आधार तयार गर्ने, प्रसारण पूर्वाधार विस्तार गर्ने र सिँचाइ आयोजनाको कार्यान्वयनलाई तीव्रता दिने प्रयास गरिएको मन्त्री श्रेष्ठले बताए । उक्त अवधिमा निर्माणको अन्तिम चरणमा रहेका २७ जलविद्युत् आयोजनाको कुल ५४०.४७ मेगावाट क्षमताका लागि व्यावसायिक उत्पादन सुरु हुने समय थप गरिएको छ । नेपाल-भारतबीच विद्युत् प्रवाह क्षमता आयाततर्फ १ हजार मेगावाटबाट १ हजार ४०० मेगावाट र निर्याततर्फ १ हजार १०० मेगावाटबाट १ हजार ६५० मेगावाट पुऱ्याउने सहमति भएको पनि मन्त्री श्रेष्ठले बताए ।

लामो समयदेखि अवरुद्ध हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइनको हेटौंडा क्षेत्रमा निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । बाह्रबिसे-लप्सीफेदी ४०० केभी प्रसारण लाइनको निर्माण सम्पन्न भएको छ भने बाह्रबिसे र नयाँ खिम्ती सबस्टेसन निर्माण पूरा गरी आंशिक सञ्चालनमा ल्याइएको छ ।

मर्स्याङ्दी करिडोरअन्तर्गत मार्कीचोक-भरतपुर २२० केभी प्रसारण लाइन तथा ढल्केबर-बालगंगा १३२ केभी प्रसारण लाइन सञ्चालनमा ल्याइएको छ । लालबन्दी-सलेमपुर १३२ केभी प्रसारण लाइन र सम्बन्धित सबस्टेसन पनि सञ्चालनमा आएका छन् । कोहलपुर-सुर्खेत प्रसारण लाइनको क्षतिग्रस्त खण्डमा आपत्कालीन पुनर्स्थापना प्रणाली जडान गरिएको छ । यसैगरी, बालकोट र दहचोक सबस्टेसन तथा चन्द्रपुर-सुखदेवचोक र लहान-सुखिपुर प्रसारण लाइन निर्माण सुरु गरिएको छ । चालु आर्थिक वर्षभित्र थप १२ वटा प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्यसहित समयतालिका बनाएर काम अघि बढाइएको मन्त्री श्रेष्ठले जानकारी दिए ।

यसैगरी सिँचाइतर्फ राष्ट्रिय गौरवका आयोजनालाई निश्चित समयसीमाभित्र सम्पन्न गर्ने लक्ष्यसहित कार्ययोजना बनाएर कार्यान्वयन अघि बढाइएको छ । सिक्टा सिँचाइ आयोजनामा थप १३ किलोमिटर नहर निर्माण गरी १ हजार ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरिएको छ । आयोजनाका २७ बोलपत्रमध्ये ११ वटामा ठेक्का सम्झौता भई निर्माण सुरु भएको छ । महाकाली सिँचाइ आयोजनामा थप १ हजार १५५ हेक्टर, बड्कापथमा ब६१० हेक्टर, बबईमा ६०० हेक्टर र रानी जमरा कुलरियामा १५० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरिएको विवरण मन्त्री श्रेष्ठले जानकारी दिए ।

बबई सिँचाइ र भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनालाई आगामी दुई आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित कार्यतालिका बनाएर काम अघि बढाइएको छ । भेरी-बबई आयोजनाका प्रमुख ठेक्काबीच समन्वय गरी एकीकृत कार्यतालिका तयार गरिएको छ ।

# दसैँसँगै महँगियो बजार



**काठमाडौं/मस-** काठमाडौं उपत्यकाभित्रका प्रायः सबै मुख्य बजारमा अहिले किनमेल गर्ने सर्वसाधारणको भिड लागेको छ । दसैं नजिकिँदै गर्दा खासगरी सहरी क्षेत्रका भोटाहिटी, ठमेल, असन, इन्द्रचोक, जमल, विशालबजार, सुन्धरा, खिचापोखरी, नयाँसडक, बागबजार, डिल्लीबजार, बानेश्वर, पुतली सडकलगायत क्षेत्रमा लुगाफाटा र आवश्यक सरसामान खरिद गर्नेको चहलपहल बाक्लो रूपमा रहेको पाइएको छ ।

गत भदौ १० गते भोटेकोशी बाढीपछि छिमेकी मुलुक चीनतर्फको दुईवटा नाका ठप्प भएकाले पनि अघिल्लो वर्षको तुलनामा बजारमा खासगरी लत्ताकपडाको मूल्य केही बढेको हुनसक्ने उपभोक्ताको अनुमान छ । हुन त दैनिक उपभोग्यवस्तुसहित खाद्यान्नको मूल्य पनि पछिल्लो समय निकै बढेको उपभोक्ताको गुनासो छ ।

काठमाडौं महानगरपालिका-३२ का शालिकचन्द्र शर्माले महँगी बढेसँगै चाडपर्व मनाउन पनि अप्ठ्यारो हुँदै गएको गुनासो गरे । ‘जिरा मसिनो चामलको भाउ एक बोरामा नै ३०० रुपैयाँ बढेको छ,’ उनले भने, ‘दसैंमा खानुपर्ने खसीको मासुको भाउ पनि प्रतिकिलो तीनदेखि ४०० ले बढेको छ । न्यून आय हुनेका लागि त दसैं मनाउन पनि मुस्किल हुने देखिएको छ ।’

शालिकचन्द्र मात्रै होइन, तिनकुनेकी स्मिता खत्री पनि यसपालिको दसैंमा आफ्ना परिवारका सदस्यलाई एकजोर नयाँ लुगा फेरिदिने सोचमा छिन् । तर, लत्ताकपडाको भाउ बढे पनि जेनतेन तीन सन्तानलाई नयाँ लुगा किनमेल गरिसकेको बताइन् । ‘दसैंमा एकसरो लुगा त फेरिदिनुपऱ्यो नि,’ उनले भनिन्, ‘सीमित आयस्रोत हुनेलाई दसैं त दशाजस्तै हुने ! के गर्नु नमनाएर पनि नहुने ।’

आम्दानीको स्रोत कम हुनेलाई दसैं मनाउने विषय धेरै सास्ती हुने गरेको सर्वसाधारण उपभोक्ताको भनाइ छ । उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले यसपालिको दसैंमा खाद्यान्न, लत्ताकपडा र अन्य अत्यावश्यक सरसमानको भाउ निकै वृद्धि भएको बताए । ‘बजारमा सबैखालको खाद्यान्नमा भाउ बढेको छ,’ उनले भने, ‘अहिले त ताजा तरकारी, फलफूलदेखि मासुजन्य पदार्थको मूल्य अकासिएको छ ।’

अध्यक्ष तिमिल्सिना नियमित रूपमा बजार अनुगमन गरी मूल्यवृद्धिलाई नियन्त्रण गर्नेतर्फ सरकारका समयन्त्र अग्रसर हुनुपर्ने बताउँछन् । ‘सरकारले आपूर्ति शृंखलालाई नियमित गर्ने र मूल्यवृद्धि नियन्त्रणमा हस्तक्षेप गरेर नै अघि बढ्नुपर्ने जरुरी देखिएको छ,’ उनले भने ।

नेपाल हिमालयन सीमापार वाणिज्य संघका महासचिव रामचन्द्र पराजुलीले छिमेकी मुलुक चीनसँग जोडिएका मुख्य लाइफलाइनका रूपमा रहेका रसुवा र तातोपानीका नाका अवरुद्ध हुँदा वस्तु तथा समान ल्याउन असहज भइरहेको बताए ।

‘चीनसँग जोडिएका नाका अवरुद्ध हुँदा व्यापारमा पनि ठुलो असर पारेको छ’, उनले भने, ‘चीनतर्फबाट दसैंलगायत पर्वलाई लक्षित गरी ल्याउन लागिएका करिब पाँच अर्ब मूल्यबराबरका सामान नाकामा रोकिएको छ ।’

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक रितेशकुमार शाक्यले विभागले चाडपर्वलक्षित अनुगमनलाई तीव्रता दिँदै आइरहेको बताए । उनले भने, ‘अहिले दैनिक २५ देखि ५० वटा विभिन्न फर्म तथा कम्पनीको अनुगमन गर्दै आइरहेका छौं । अधिकतम खुद्रा मूल्यभन्दा धेरै मूल्य लिने व्यापारी तथा व्यवसायीलाई पनि आवश्यक कानुनी दायरामा ल्याइरहेका छौं ।’ महानिर्देशक शाक्यले कुनै पनि वस्तु तथा समान तोकिएको मूल्यअनुसार बिक्रीवितरण गर्न सबैलाई अनुरोध गरेका छन् ।

# कोका-कोलाको ‘भरौं खुसी’ अभियान




**काठमाडौं/मस-** अधिकांश नेपालीका लागि दसैं भनेको पुस्तौंदेखि चलिआएको परम्परा धान्न घर फर्कने र परिवारसँग भेटघाट गर्ने समय हो ।

तर, दसैंमा घर फर्किनका लागि टिकट पाउन भने धेरैलाई कठिन हुने गर्छ । यही समस्यालाई ध्यानमा राख्दै कोका-कोलाले ‘भरौं खुसी’ दसैं अभियान २०२६ सञ्चालनमा ल्याएको छ । यस अभियानले दसैंको खुसीलाई थप विशेष बनाउनुका साथै घर फर्किने यात्रालाई सहज बनाउन सहयोग गर्ने उद्देश्य राखेको छ । ‘भरौं खुसी’ अभियान सुरु भएदेखि नै सयौं सहभागी फ्लाइट र बस टिकट भौचर विजेताका रूपमा छनोट भइसकेका छन् भने अरू धेरैका लागि पनि यसमा सहभागी हुने, टिकट जित्ने र आफ्ना परिवारसँग दसैं मनाउन घर जाने अवसर अझै बाँकी रहेको छ ।

भदौ १८ देखि कात्तिक २९ सम्म लागू हुने यस योजनाले सहभागीलाई दसैं विशेष २.२५ लिटर र १.५ लिटर कोक, स्प्राइट र फ्यान्टाको पेट बोटलमा उपलब्ध क्युआर कोड स्क्यान गरी वेबसाइटमार्फत रजिस्टर गरेर भौचर जित्ने मौका प्राप्त गर्न आह्वान गर्दछ । कोका-कोला बोटलर्स नेपालका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत अजय कोनालेले भने ‘ दसैं भनेको प्रायः टाढा रहेका परिवार र आफन्तहरू एकै ठाउँमा भेला हुने समय हो ।

नेपालीहरूका लागि दसैंमा घर फर्कनु र परिवारसँग समय बिताउनु कति धेरै अर्थपूर्ण हुन्छ भन्ने हामी बुझ्दछौं । ‘भरौं खुसी’मार्फत हामी यिनै भेटघाटलाई सहज बनाउन सहयोग गर्ने भूमिका निर्वाह गरिरहेका छौं ।’

# सिद्धार्थ बैंकका सेयरधनीलाई २० प्रतिशत लाभांश




काठमाडौं/मस- सिद्धार्थ बैंकले सेयरधनीलाई १० प्रतिशत बोनस सेयर र १० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकको २५औं वार्षिक साधारणसभाले उक्त प्रस्ताव पारित गरेको हो । बैंकका सञ्चालक समितिका अध्यक्ष राहुल अग्रवालको अध्यक्षतामा सम्पन्न सभाले हाल कायम साधारण सेयरतर्फको चुक्ता पुँजी १४ अर्ब ७९ करोड ४४ लाख ७९ हजार १८५ रुपैयाँको १० प्रतिशतका दरले हुने १ अर्ब ४७ करोड ९४ लाख ४७ हजार ९२० रुपैयाँबराबरको बोनस सेयर जारी गर्ने निर्णय गरेको छ ।

त्यसैगरी, १० प्रतिशतका दरले हुने १ अर्ब ४७ करोड ९४ लाख ४७ हजार ९२० रुपैयाँ नगद लाभांश वितरण गर्ने प्रस्तावसमेत सभाबाट पारित भएको छ । नगद लाभांशमा बोनस सेयर तथा नगद लाभांशको कर प्रयोजनका लागि आवश्यक रकमसमेत समावेश छ । सभाले अविमोच्य असञ्चिति अग्राधिकार सेयरधनीलाई पनि लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गरेको छ । बैंकको ३ अर्ब ५० करोड रुपैयाँ चुक्ता पुँजीको ८.२५ प्रतिशतका दरले हुन आउने १० करोड ७५ लाख ८९ हजार ४१ रुपैयाँ नगद लाभांश वितरण गरिनेछ । उक्त लाभांश अग्राधिकार सेयर बाँडफाँट भएको मितिदेखि २०८३ साल आषाढ मसान्तसम्मको १३६ दिनका लागि समानुपातिक रूपमा वितरण गर्ने प्रस्ताव पारित भएको हो ।

# माछापुच्छ्रे बैंकको ६ प्रतिशत लाभांश पारित




**काठमाडौं/मस-** माछापुच्छ्रे बैंक लिमिटेडले सेयरधनीलाई ६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकको २८औं वार्षिक साधारणसभाले चुक्ता पुँजीको ३ प्रतिशत बोनस सेयर र ३ प्रतिशत नगद लाभांश गरी कुल ६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो । असोज २८ गते बुधबार सम्पन्न साधारणसभाले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदनसमेत पारित गरेको बैंकले जनाएको छ ।

साधारणसभाले संस्थापक सेयरधनीका तर्फबाट रोशन केसी, मुकुन्द महत र कृति महतोलाई तथा सर्वसाधारण सेयरधनीका तर्फबाट विश्वप्रकाश गौतमलाई सञ्चालकमा निर्विरोध निर्वाचित गरेको छ । त्यसपछि बसेको सञ्चालक समितिको बैठकले रोशन केसीलाई आगामी चारवर्षे कार्यकालका लागि बैंकको अध्यक्षमा पुनः नियुक्त गर्ने निर्णय गरेको छ । बैंकका अनुसार बोनस सेयर वितरणपछि साधारण चुक्ता पुँजी १२ अर्ब ४५ करोड रुपैयाँ पुग्नेछ । अग्राधिकार सेयरसमेत जोड्दा बैंकको कुल चुक्ता पुँजी १५ अर्ब ४५ करोड रुपैयाँ पुग्नेछ । बैंकले गत आर्थिक वर्षमा १ अर्ब ९५ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको थियो । उक्त अवधिमा बैंकको प्रतिसेयर आम्दानी १६ रुपैयाँ १७ पैसा कायम भएको थियो ।

# सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सद्वारा शैक्षिक सामग्री सहयोग



**काठमाडौं/मस-** सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शंखरापुर नगरपालिका-५, पालुबारीस्थित श्री क्षितिज जनजागृत विद्यालयमा शैक्षिक सामग्री वितरण गरेको छ ।

विद्यार्थीहरूको पठनपाठनमा सहयोग पुऱ्याउने तथा शैक्षिक सामग्रीको उपलब्धतामा सहजता ल्याउने उद्देश्यले आयोजित कार्यक्रममा विद्यालयलाई कापी र पेन्सिल सहयोगस्वरूप प्रदान गरिएको हो ।

उक्त सहयोगले विद्यार्थीहरूको शैक्षिक गतिविधिमा सकारात्मक योगदान पुऱ्याउने विश्वास लिइएको छ । कार्यक्रममा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडका क्षेत्रीय प्रबन्धक नरेशकुमार थापा तथा साँखु उपशाखा प्रमुख रोजिना मानन्धरको साथै कम्पनीका अभिकर्ता तथा कर्मचारीहरूको समेत सहभागिता रहेको थियो ।

# सिटिजन्स बैंकको २०औं वार्षिक साधारणसभा सम्पन्न




**काठमाडौं/मस-** सिटिजन्स बैंक इन्टरनेसनलको २०औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

बैंक सञ्चालक समितिका अध्यक्ष प्रबल जंग पाण्डेको अध्यक्षतामा काठमाडौंमा सभा सम्पन्न भएको हो । साधारणसभाले गत आर्थिक वर्ष २०८२/८३ को वितरण योग्य मुनाफाबाट २०८३ आषाढ मसान्तको चुक्तापुँजी १५ अर्ब ५० करोड ७४ लाख ६३ हजार ६१४ रुपैयाँको ३.८० प्रतिशतले हुने ५८ करोड ९२ लाख ८३ हजार ६१७ रुपैयाँ ३४ पैसा बोनस सेयर र कर प्रयोजनको लागि नगद लाभांश ०.२० प्रतिशतले हुने ३ करोड १० लाख १४ हजार ९२७ रुपैयाँ २३ पैसासहित जम्मा ६२ करोड २ लाख ९८ हजार ५४४ रुपैयाँ ५७ पैसा लाभांश दिने प्रस्ताव पारित गरेको छ । बैंकले आर्थिक वर्ष ०६५/६६ बाट लगातार लाभांश वितरण गर्दै आएको छ । बैंकको २० वर्षको औसत लाभांश १०.०८ प्रतिशत रहेको छ ।

सभाका अध्यक्षले सेयरधनीबाट प्राप्त सुझाव अनुसार बैंकको काम कारबाही सञ्चालन गर्ने र भविष्यमा बैंकले अझ बढी प्रगति हासिल गर्न सक्ने विश्वास सभालाई गराए । साथै संस्थागत सुशासन तथा अनुपालनाको स्तरलाई उच्चतम राख्ने विषयमा बैंकले सदैव महत्त्व दिँदै आएको र आगामी दिनमा समग्र बैंकको संस्थागत सुशासन तथा अनुपालनाको अवस्थालाई थप सवल तथा सुदृढ बनाउँदै जाने तर्फ बैंक प्रतिबद्ध रहेको कुरा जानकारी गराए ।

# प्रोटोनको प्रि-दसैं सर्भिस क्याम्प, नि:शुल्क चेकअपदेखि उपहारसम्म




**काठमाडौं/मस-** दसैंको समयमा ग्राहकलाई सुरक्षित र सहज यात्राका लागि तयार रहन सहयोग गर्ने उद्देश्यले प्रोटोनको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्सले प्रि-दसैं सर्भिस क्याम्प सञ्चालन गर्ने भएको छ । असोज २८ देखि ३० गतेसम्म भक्तपुरको राधे-राधेस्थित प्रोटोन सर्भिस सेन्टरमा क्याम्प सञ्चालन हुनेछ ।

दसैंमा परिवारसँग भेटघाट गर्न र आफ्नो गृहजिल्ला जान धेरैले लामो दूरीको यात्रा गर्ने गर्छन् । यस्तो यात्राअघि सवारी साधनको अवस्था जाँच गर्नु आवश्यक हुन्छ । यही कुरालाई ध्यानमा राखेर सञ्चालन गर्न लागिएको क्याम्पमार्फत प्रोटोनका ग्राहकले आफ्नो सवारीसाधनको निःशुल्क जाँच गराउनुका साथै विभिन्न सेवा तथा सुविधामा छुट पाउनेछन् । क्याम्प अवधिभर स्पेयर पाट्र्समा २० प्रतिशतसम्म र सर्भिस तथा लेबर चार्जमा १० प्रतिशतसम्म छुट उपलब्ध हुनेछ । ग्राहकले दुईपटकसम्म निःशुल्क सवारीसाधन धुने सुविधा पनि पाउनेछन् । साथै, क्याम्पमा सहभागी प्रत्येक ग्राहकलाई आकर्षक उपहार ह्याम्पर प्रदान गरिनेछ ।

यस क्याम्पमार्फत ग्राहकलाई चाडपर्वको यात्राअघि सवारी साधनको आवश्यक जाँच तथा मर्मतसम्भार गराउन प्रोत्साहित गर्नुका साथै गुणस्तरीय सेवा प्रदान गर्ने र ग्राहकसँगको सम्बन्ध अझ मजबुत बनाउने लक्ष्य जगदम्बा मोटर्सले लिएको छ ।







प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**